**बागमती गाउँपालिका गाउँ कार्यपालिकाको**

**कार्यालय भट्टेडाँडा, ललितपुर,**

**बागमती प्रदेश, नेपाल**

# बागमती गाउँपालिकाको क्षमता विकास योजना

**(२०८३/०८४-२०८५/०८६)**

**२०८३ जेष्ठ**

**क्षमता विकास योजना (२०८३/०८४-२०८५/८६)**

प्रकाशकः बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भट्टेडाँडा, ललितपुर

सर्वाधिकारः प्रकाशकमा

प्रकाशन मितिः २०८३ जेष्ठ

प्राविधिक सहयोगः केदार कन्सल्टिङ्ग प्रा.लि. ललितपुर

सम्पर्कका लागिः बागमती गाउँपालिकाको कार्यालय भट्टेडाँडन ललितपुर

**बागमती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
भट्टेडाँडा, ललितपुर बागमती प्रदेश, नेपाल

प.सं.२०८२/०८३

### गाउँपालिका अध्यक्षको मन्तव्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार, दायित्व तथा जिम्मेवारीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै बागमती गाउँपालिकालाई सक्षम, उत्तरदायी, पारदर्शी र जनमुखी स्थानीय सरकारका रूपमा स्थापित गर्न मानव संशाधन, संस्थागत क्षमता तथा सेवा प्रवाहको सुदृढीकरण अत्यन्त अपरिहार्य विषय हो। यस सन्दर्भमा बागमती गाउँपालिकाको **त्रिवर्षिय (२०८३/०८४–२०८५/०८६) क्षमता विकास योजना तर्जुमा अन्तिम प्रतिवेदन** एक महत्वपूर्ण मार्गदर्शक दस्तावेजका रूपमा तयार भएकोमा मलाई अत्यन्त खुशी लागेको छ।

यस योजनाले गाउँपालिकाको वर्तमान संस्थागत अवस्था, जनशक्ति व्यवस्थापन, सेवा प्रवाह प्रणाली, सुशासन, वित्तीय व्यवस्थापन, सूचना प्रविधि, लैङ्गिक समानता, समावेशिता तथा दिगो विकासका विविध पक्षहरूलाई समेट्दै आगामी तीन वर्षका लागि स्पष्ट लक्ष्य, रणनीति र कार्ययोजना प्रस्तुत गरेको छ। यसले गाउँपालिकाको समग्र कार्यक्षमता अभिवृद्धि गर्दै जनताको अपेक्षा अनुसार प्रभावकारी सेवा प्रदान गर्न मार्गप्रशस्त गर्ने विश्वास लिएको छु।

यो योजना तर्जुमा प्रक्रियामा गाउ कार्यपालिका, गाउँ सभा, विषयगत शाखा, वडा कार्यालय, सरोकारवाला निकाय, नागरिक समाज, विकास साझेदार तथा विज्ञज्यूहरूको सक्रिय सहभागिता, सुझाव र सहकार्य अत्यन्त सराहनीय रहेको छ। सबैको सामूहिक प्रयासले यो प्रतिवेदन गुणस्तरीय, व्यवहारिक र परिणाममुखी बनेको छ।

अन्त्यमा, यस महत्वपूर्ण कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुर्‍याउनु हुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। प्रस्तुत योजना प्रभावकारी रूपमा कार्यान्वयन गरी बागमती गाउँपालिकालाई समृद्ध, सक्षम र जनमैत्री स्थानीय सरकार निर्माण गर्ने हाम्रो साझा संकल्प साकार पार्न सबैको निरन्तर सहयोगको अपेक्षा गर्दछु।

**धन्यवाद ।**

गाउँपालिका अध्यक्ष

**बागमती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
भट्टेडाँडा, ललितपुर, बागमती प्रदेश, नेपाल

प.सं.२०८२/०८३

## गाउँपालिका उपाध्यक्षको मन्तव्य

समावेशी, उत्तरदायी तथा दिगो विकासका आधारमा स्थानीय शासन प्रणालीलाई सुदृढ बनाउनु आजको प्रमुख आवश्यकता हो। यस सन्दर्भमा बागमती गाउँपालिकाको **त्रिवर्षिय (२०८३/०८४–२०८५/०८६) क्षमता विकास योजना तर्जुमा – अन्तिम प्रतिवेदन** एक महत्वपूर्ण नीतिगत तथा कार्यान्वयनमूलक दस्तावेजका रूपमा तयार भएको छ।

यस योजनाले गाउँपालिकाको संस्थागत क्षमता, मानव संशाधन विकास, सेवा प्रवाह सुधार, सामाजिक समावेशिता, लैङ्गिक समानता, विपद् व्यवस्थापन, सुशासन तथा वित्तीय अनुशासनलाई केन्द्रमा राखी स्पष्ट कार्यदिशा तय गरेको छ। विशेष गरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति तथा पछाडि परेका समुदायको पहुँच र सहभागिता सुनिश्चित गर्ने पक्षलाई प्राथमिकतामा राखिएको छ, जुन अत्यन्त सराहनीय छ।

योजना तर्जुमा प्रक्रियामा सरोकारवालाहरूको व्यापक सहभागिता, सुझाव संकलन तथा व्यवहारिक विश्लेषणका आधारमा प्रतिवेदन तयार पारिनु यस दस्तावेजको मुख्य विशेषता हो। यसले गाउँपालिकाको दीर्घकालीन विकास लक्ष्य हासिल गर्न ठोस आधार प्रदान गर्ने विश्वास लिएको छु।

अन्त्यमा, यस महत्वपूर्ण कार्यमा संलग्न सम्पूर्ण पदाधिकारी, कर्मचारी, सरोकारवाला निकाय तथा विज्ञज्यूहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दै प्रस्तुत योजनाको सफल कार्यान्वयनका लागि सबै पक्षको निरन्तर सहकार्यको अपेक्षा गर्दछु।

**धन्यवाद ।**

गाउँपालिका उपाध्यक्ष

**बागमती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
भट्टेडाँडा, ललितपुर, बागमती प्रदेश, नेपाल

प.सं.२०८२/०८३

## प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य

बागमती गाउँपालिकाको संस्थागत सुदृढीकरण, प्रभावकारी सेवा प्रवाह तथा सुशासन प्रवर्द्धनका लागि **त्रिवर्षिय (२०८३/०८४–२०८५/०८६) क्षमता विकास योजना तर्जुमा – अन्तिम प्रतिवेदन** एक महत्वपूर्ण मार्गदर्शक दस्तावेजका रूपमा तयार गरिएको छ। यस योजनाले गाउँपालिकाको विद्यमान अवस्था, जनशक्ति व्यवस्थापन, प्रशासनिक संरचना, वित्तीय अनुशासन, सूचना प्रविधि उपयोग, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित ढंगले विश्लेषण गर्दै सुधारका स्पष्ट उपायहरू प्रस्तुत गरेको छ।

यस योजनाको प्रभावकारी कार्यान्वयनले गाउँपालिकाको सेवा प्रवाह प्रणालीलाई थप सरल, छरितो, पारदर्शी र उत्तरदायी बनाउने विश्वास लिएको छु। साथै, कर्मचारीहरूको क्षमता अभिवृद्धि, संस्थागत कार्यक्षमता सुधार तथा नतिजामुखी कार्यसंस्कृति विकासमा यसले महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

योजना तर्जुमा प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्नु हुने गाउँपालिका अध्यक्ष ज्यु, उपाध्यक्ष ज्यु, गाउँ कार्यपालिका सदस्यज्यूहरू, विषयगत शाखा प्रमुख, कर्मचारी साथीहरू, सरोकारवाला संस्था तथा विज्ञज्यूहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, प्रस्तुत योजनालाई कार्यान्वयनको चरणमा प्रभावकारी रूपमा लागू गर्दै लक्षित उपलब्धि हासिल गर्न सम्पूर्ण गाउँपालिका परिवारको प्रतिबद्धता, समन्वय र सहकार्य अपरिहार्य रहेको कुरा उल्लेख गर्न चाहन्छु।

**धन्यवाद।**

प्रमुख प्रशासकीय अधिकृत

## विषय सुची


गाउँपालिका अध्यक्षको मन्तव्य........................................3

गाउँपालिका उपाध्यक्षको मन्तव्य........................................4

प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य........................................5

परिच्छेद – १........................................8

१.१ पृष्ठभुमिः........................................8

१.२ क्षमता विकास योजनाको आवश्यकता र औचित्यः........................................10

१.३ क्षमता विकास योजनाको लक्ष्यः........................................10

१.४ क्षमता विकास योजनाको उदेश्यः........................................11

१.५ क्षमता विकास योजनाको महत्वः........................................11

१.६ क्षमता विकास योजना तर्जुमामा अपनाइएको विधिः........................................13

परिच्छेद – २ बागमती गाउँपालिका को संक्षिप्त परीचय........................................14

२.१ गाउँपालिका को परीचयः........................................14

२.२ गाउँपालिका को ऐतिहासीक चिनारी तथा नामाकरणः........................................14

२.३ गाउँपालिका को जनसंख्या सम्बन्धि विवरणः........................................15

२.४ गाउँपालिकाको भौगोलिक सिमानाः........................................15

२.५ बागमती गाउँपालिकाको आर्थिक स्रोत........................................15

परिच्छेद – ३ क्षमता विकास योजना........................................16

३.१ क्षमता विकास योजनाको परीचयः........................................16

३.२ क्षमता विकास कार्यक्रमका उदेश्यहरुः........................................16

३.३ संघ, प्रदेश र गाउँपालिका को क्षमता विकास योजनाहरुको अन्तरसम्बन्ध........................................17

३.४ योजना तर्जुमाको चरण र प्रक्रिया........................................17

३.५क्षमता विकास निर्देशक समिति........................................17

३.६ वर्तमान क्षमताको लेखाजोखा/ विश्लेषण........................................18

३.७ बागमती गाउँपालिका को संस्थागत क्षमता विकास लेखाजोखा........................................18

३.८ बागमती गाउँपालिका को वर्तमान सांगठनिक अवस्था........................................20

३.९ संगठन स्वरुप........................................20

३.१० जनशक्ति विवरण........................................21

३.११ मानव संसाधन पुर्वाधार संसाधनको क्षमता विकास लेखाजोखा........................................24

३.१२ गाउँपालिका का क्षमता विकासका रणनीतिहरु........................................45

परिच्छेद – ४ गाउँपालिकाको क्षमता विकास योजना ........ 46
४.१. क्षमता विकास योजनाको समष्टिगत सोच, लक्ष्य, उदेश्य र रणनीतिहरु ........ 46
४.२. गाउँपालिकाको संस्थागत क्षमता विकास योजना ........ 48
परिच्छेद – ५ निचोड अनुगमन तथा मुल्याङ्कन व्यवस्था ........ 54
५.१ निचोड ........ 54
५.२ अनुगमन ........ 54
५.३ अनुगमन तथा मुल्याङ्कन ........ 55
परिच्छेद – ६ बागमती  गाउँपालिकाका सबल र कमजोर पक्षको विश्लेषण ........ 57

# परिच्छेद – १

## १.१ पृष्ठभुमिः

नेपालको संविधानले राज्यशक्तिको वाडँफाडँ र प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको संरचनाबाट हुने व्यवस्था गरेको छ।यसका साथै तिनै तहका सरकारका लागी एकल तथा साझा अधिकारहरूको सुची स्पष्ट संग निर्धारण गरेको छ।त्यसै गरी संविधानले तिनै तहका सरकारलाइ शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्ने दायीत्व प्रदान गरेको छ।समानुपातिक विकास तथा गुणस्तरिय सेवा प्रवाहमा स्थानीयवासीहरुको सहभागिता र स्वामित्व कायम गर्ने जिम्मेवारि स्थानीय सरकारको हो। स्थानीय सरकार अधिकार सम्पन्न सरकार हो।यसको शासन प्रणली अन्तर्गत स्थानीय सुशासन, गुणस्तरीय आधारभूत सेवा प्रवाहमा सबैको सहज र न्यायोचित पहुँच प्रदान गर्नु हो।यसका साथै शिक्षा, स्वास्थ्य, स्थानीय पूर्वाधार निर्माण, लक्षित वर्ग तथा क्षेत्रको आर्थिक सामाजिक सशक्तीकरण एवम् समावेशीकरण, सामाजिक परिचालन, सहभागितामूलक योजना तर्जुमा, विकास, स्थानीय जीविकोपार्जन एवम् रोजगारी, सामाजिक सुरक्षाआदी जस्ता विषयहरु यसको दायीत्व भित्र पर्दछन।तसर्थ यी दायित्वहरुलाइ पारदर्शी र जवाफदेही ढंगले सम्पादन गरि जनतालाइ गुणस्तरिय सेवा प्रवाह गरि गाउँवासीहरुलाइ नजिकको सरकारको अनूभुति दिलाउनु पनि स्थानीय सरकारको कर्तव्य हो।२०७३ सालमा स्थानीय तहको पुर्नसंरचना पश्चात गठन गरिएका स्थानीय तहहरुलाई प्रदान गर्ने निःशर्त र सशर्त अनुदान रकममा अहिले उल्लेख्य वृद्धि हुदै गएको छ।यसका साथै स्थानीय तहहरुको आन्तरिक श्रोत परिचालनमा समेत क्रमशः बृद्धी हुदै गएको पाईन्छ।स्थानीय तहहरुको आन्तरिक र वाह्य श्रोतको आकार बढदै गएको परिप्रेक्ष्यमा यसको कार्य सम्पादन, सेवा प्रवाह लगायत समग्र क्षमतामा अपेक्षित सुधार गर्न जरुरी भएको छ। वर्तमानमा भएका साधन श्रोतको सहि परिचालन गरि विकासको गतिलाइ अपेक्षित उपलब्धीहरु एवं नतिजा प्राप्त गर्न तिव्र गतिमा लैजानु जरुरी छ।स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहहरुको सुदृढीकरण तथा क्षमता विकास गर्न विशेष कार्यक्रम तर्जुमा गरी लागू गर्न सक्ने व्यवस्था गरेको छ।

देश संघीय संरचनामा प्रवेश गरेसंगै संविधान सभा मार्फत नेपालको ईतिहासमा पहिलो पटक वि.स २०७२ सालमा जारी गरिएको नेपालको संविधानले देशमा तीन तहका सरकारहरुको व्यवस्था गरि राज्यशक्तिको श्रोत नेपाली जनतामा निहित गरेकोछ।नेपालको संविधानले नेपालको मूलसंरचना संघ,प्रदेश र स्थानीय तह गरि तीन तहको हुने र राज्यशक्तिको प्रयोग र उपभोग संविधान र कानून वमोजिम हुने व्यवस्था गरेकोछ।संङ्घीयताको मेरुदण्डका रुपमा रहेको स्थानीय तह(सरकार) जनताको सवै भन्दा नजिकको र सवै भन्दा वढी र सरल पहुंच भएको सरकार हो।यसर्थ यसप्रति नागरिकहरुका आशा अपेक्षा पनि त्यत्तिकै छन।नागरिकहरुको सेवामा सरल र सहज पहुंच स्थापित गर्नुका साथै स्थानीय तहहरु आफैमा सवल र सक्षम हुन जरुरी छ।जसका लागी हरेक स्थानीय तहको संरचनात्मक संस्थागत क्षमता र मानव संसाधनको क्षमता विकास हुन जरुरी छ।क्षमता विकास भन्नाले व्यक्ति वा संस्थामा रहेको कुनै काम गर्न वा नगर्न प्रयोग गरिने प्राधिकारको समुन्नत प्रयोग गर्न सक्ने गरी शक्ति सम्पन्न पार्ने प्रकृयालाई जनाउछ।कुनैपनि प्रणाली, स्थान, व्यक्ति तथा वस्तुको सुधारिएको अवस्था नै विकास हो भने मानवीय आवश्यकता तथा जीवनको गुणस्तर सुधार्न चालिने कदम पनि विकास हो।त्यसैले, विकास गर्न सक्ने क्षमताको अभिवृद्धि गर्नु नै क्षमता विकास हो।क्षमता विकास योजना भित्र दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य एवं कार्यनीति

पर्दछन्।स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहहरुलाई स्थानीय स्वायत्त शासनको मर्म अनुरुप स्थानीय विकास, सेवा प्रवाह र स्थानीय नेतृत्वको लागि अधिकार र जिम्मेवारीको व्यवस्था गरेको छ।उक्त जिम्मेवारीलाई वहन गर्न विकासलाई समावेशी, सहभागितात्मक र समतामूलक बनाउन स्थानीय तहहरुको क्षमतामा विकास हुनु अनिवार्य छ।रुपान्तरणकारी, दक्ष, सबल र सक्षम स्थानीय तहहरुबाट मात्र स्थानीय क्षेत्रको विकास, प्रभावकारी सेवा प्रवाह र स्थानीय सुशासनमा गुणात्मक परिवर्तन ल्याउन सम्भव छ।स्थानीय विकास तथा सेवा प्रवाह सम्बन्धि नयाँ अवधारणा, सोच, अभ्यासहरु तथा स्थानीय तहहरुको अधिकार तथा जिम्मेवारीमा वढोत्तरी र नीति नियममा समेत आएका युगान्तकारी परिवर्तन र समयको मागलाई सम्बोधन गर्न सक्ने स्थानीय तह बनाउनु पनि आजको माग हो।

स्थानीय तहहरुको क्षमता विकासको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट नगर/गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ जारी गरिएको छ। संस्थागत रुपमा स्थानीय तहहरुबाट क्षमता विकासका क्षेत्रमा आफ्नै प्रयासबाट र विभिन्न साझेदारहरुको सहयोगमा सामान्य प्रयासहरु हुँदै आएका भए पनि खासै प्रभावकारी हुन नसकेको र अपेक्षित उपलब्धी र नतिजा समेत हासिल हुन नसकेको अवस्था रहेको छ।बागमती गाउँपालिका ले विभिन्न क्षेत्रगत ऐन तथा नीतिहरु स्वीकृत गरेको र सो नीतिहरुको कार्यान्वयनका लागि क्षेत्रगत कार्यक्रम तर्जुमा, कार्यान्वयनका लागि मानव संसाधनको व्यवस्था र उनीहरुको क्षमता विकास आवश्यक रहेको छ।

यसै परिप्रेक्षमा यस गाउँपालिकाले पनि पारदर्शी, जवाफदेही र प्रभावकारी सेवा प्रवाह गर्न आफ्नो संस्थागत क्षमताका साथसाथै जनप्रतिनिधि र कर्मचारीहरुको समयानुकुल क्षमता विकास गरि सेवाप्रति नागरिकहरुको विश्वसनीयता र उच्च सन्तुष्टि स्थापित गर्न बागमती गाउँपालिका रातामाटा, दार्चुला, सुदुरपश्चिम प्रदेशको सहयोग र हुनैनाथ कन्सल्टिङ्ग प्रा.लि. मैतिदेवी काठमाण्डौंको प्राविधिक सहजीकरणमा आगामी तीन वर्षको लागी यो क्षमता विकास योजना निर्माण गरि कार्यान्वयनमा ल्याएकोछ।क्षमता विकास योजनाले प्रस्ताव गरेका क्षमता विकासका कार्यक्रमहरु उपलव्ध श्रोत साधनको परिधि भित्र रहि प्राथमिकताका साथ क्रमिक रुपमा संचालन गर्दै लगिने छन।स्थानीय तहहरुको क्षमता विकासका लागि आपूर्ति तथा मागमा आधारित क्षमता विकासको अवधारणा अबलम्बन गरिएको छ।यसो गर्नुको पछाडि यो पालिकाले भविष्यमा सम्पादन गर्नुपर्ने कार्यहरुलाई समेत आँकलन गर्ने प्रयासलाई समेत दर्शाइएको छ।स्थानीय तहहरूले जनतालाई प्रदान गर्ने सार्वजनिक सेवा तथा सुविधाहरू बढी प्रभावकारी बनाउन गाउँपालिकाको क्षमतामा अभिवृद्धि गर्ने कार्यमा आपूर्तिमा आधारित क्षमता विकास कार्यक्रमहरु केन्द्रित रहेका छन् भने मागमा आधारित क्षमता विकासका कार्यक्रमहरू पालिका र सरोकारवालाहरुको आफ्नै विशेषताको आधारमा देखिएका क्षमताको आवश्यकतालाई सम्बोधन गरिएको छ।क्षमता विकास कार्यक्रम मानव संसाधन विकासको मूल आधार हो।यसै कुरालाइ दृष्टिगत गरी बागमती गाउँपालिकाको ३ वर्षे ( २०८३/८४—२०८५/८६) क्षमता विकास योजना तर्जुमा गरिएको छ।

## १.२ क्षमता विकास योजनाको आवश्यकता र औचित्यः

संविधान प्रदत्त अधिकारहरुको कार्यान्वयन मार्फत नागरिकहरुका आशा अपेक्षा तथा विकास प्रतिको अतृप्त चाहना परिपूर्ति गर्न हरेक स्थानीय तहको संस्थागत तथा मानव संसाधनको क्षमता विकासका साथसाथै विकासका कार्यक्रमहरुको योजनावद्ध कार्यान्वयन हुन जरुरी छ ।उपलव्ध श्रोत साधन तथा संभावनाहरुको समुचित र प्रभावकारी कार्यान्वयन मार्फत विकासको दिगो प्रतिफल नागरिकहरुले महशुस गर्ने गरि प्राप्त गर्न स्थानीय तहहरुले विभिन्न योजना तथा गुरु योजनाहरु निर्माण गरि सोही अनुरुप आफ्ना विकासका गतिविधीहरु संचालन गर्नुपर्ने हुन्छ र गर्दै पनि आईरहेका छन। विगतमा क्षमता विकासका प्रयासहरु भएपनि त्यसको कार्यान्वयनको लागि ठोस रणनीति भएको पाइदैन। सशक्त, स्पष्ट र कार्यमुखी क्षमता विकासको रणनीतिको अभावमा क्षमता विकासका कार्यक्रमहरु विगतमा केन्द्रबाट संचालित भएको हुँदा स्थानीय स्तरमा त्यसप्रति अपनत्व (Ownership) को अभाव देखियो ।त्यसैगरी, स्थानीय तहहरुको संस्थागत क्षमता बढ्न गएको अवस्थामा संस्थागत स्व–मूल्यांकन कार्यविधि, २०७७ ले कल्पना गरेको पूर्ण क्षमतालाई अग्रगामी र प्रभावकारी बनाउन सकिन्छ ।यसैंको निरन्तरता स्वरुप तयार गरिएको यस क्षमता विकास योजनाको आवश्यकता तथा औचित्य निम्नानुसार रहेको छः

- संविधान र प्रचलित कानूनहरुबाट प्राप्त अधिकार अनुरुप जनउत्तरदायीपूर्ण ढंगबाट कार्य सम्पादन गर्नका लागि गाउँपालिका को सवल र कमजोर पक्षहरुको पहिचान गर्दै देखिएका अन्तरालहरुको परिपूर्ति मार्फत सेवामा प्रभावकारीता ल्याउन।
- स्थानीय सरकारलाई प्राप्त अधिकार र जिम्मेवारीहरु दक्षताका साथ सम्पादन गर्न जननिर्वाचित पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारी, उपभोक्ता समिति लगायत स्थानीय विकासका सरोकारवालाहरुको कार्य दक्षता वृद्धि गर्न तथा नतिजामुखी कार्य प्रकृया अवलम्बन गर्न सहयोग पुर्याउन।
- प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप र विद्यमान क्षमता बीचको अन्तराल पहिचान गरी आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न।
- सेवा प्रवाह तथा विकास व्यवस्थापनमा आधुनिक प्रशासनका नवीनतम आयाम, प्रविधि र प्रणालीको प्रयोग र अनुशरण गर्न।
- मानव संशाधन तथा संस्थागत विकासका क्षेत्रमा देखिएका कमजोर क्षेत्रहरु पहिचान गरी क्षमता विकास कार्यक्रमलाई प्रकृयाका रुपमा संचालन, कार्यान्वयन तथा प्रयोग गर्दै जान र आवधिक नीतिहरु अनुशरण गर्न।
- क्षमता विकास योजनामा मानव संशाधन, संस्थागत विकास र प्रणाली विकासका क्षेत्रहरु अन्तर्गत गरिनु पर्ने न्यूनतम कार्यहरुको प्राथमिकता अनुसार लगानी सुनिश्चित गर्र्न।

## १.३ क्षमता विकास योजनाको लक्ष्यः

- ❖ गाउँपालिकामा रहेका मानवीय, आर्थिक, सामाजिक, पूंजीगत श्रोत साधनहरुको उच्चतम प्रयोगवाट बागमती वासी जनताको जीवनमा गुणस्तरीय परिवर्तन ल्याउन।

## १.४ क्षमता विकास योजनाको उदेश्य:

- ❖ गाउँपालिकामा कार्यरत कर्मचारी, शाखा तथा विभिन्न समितिहरुको आवश्यकता पहिचान गर्ने ।
- ❖ गाउँपालिकाको संस्थागत विकासमा सहयोग पुर्याउने ।
- ❖ गाउँपालिकामा कार्यरत कर्मचारीहरु, शाखा तथा विभिन्न समितिहरुको कार्यसम्पादनमा सुधार ल्याउने ।
- ❖ गाउँपालिकाले निर्माण तथा कार्यान्वयन गर्ने योजना, आयोजनाहरुमा दीगोपन ल्याउनका लागि सहयोग गर्ने ।
- ❖ गाउँपालिका र समुदाय वीचको अन्तर सम्वन्ध सुदृढ गर्न सहयोग गर्ने ।

## १.५ क्षमता विकास योजनाको महत्व:

कुनै पनि संस्था समयानुकुल हुन तथा राम्रो कार्यसम्पादन गर्नका लागि सवै भन्दा पहिला सो संस्थाले संस्थागत विकासलाई आत्मसात गरेको हुनु पर्छ।संस्थाभित्र कुन कुन शाखाहरु छन, शाखामा के कस्ता जनशक्तिहरु छन, संस्थालाई सुदृढ वनाउनका लागि कार्यालयले के कस्ता नीति, नियमहरु वनाएको छ र ती नीतिहरुको सही रुपमा पालना भएको छ कि छैन जस्ता प्रश्नहरुको खोजी गरिनु जरुरी छ। संस्थाभित्र भएका विभिन्न संरचनाहरुको भूमिका स्पष्ट रुपमा व्याख्या गरिएको छ वा छैन।संस्थामा कार्यरत कर्मचारी, पदाधिकारी, समितिका सदस्यहरुले तालिम पाएका छन कि छैन।कार्यालयभित्र तथा वाहिर रहेका एजेन्सीहरुसंगको सम्वन्ध के कस्तो छ भन्ने विषयले पनि संस्थाको कार्यसम्पादन जोडिन्छ।संस्थाको संस्थागत कार्यसम्पादन अभिवृद्धि गर्नका लागि पनि क्षमता विकास योजनाको आवश्यकता भएको हो। सामान्यतया स्थानीय तहलाई एउटा जटिल संस्थाको रुपमा लिने गरिएको छ।समय समयमा परिवर्तन हुने नीति नियम, वहुसरोकारका क्षेत्रहरुको मुद्दाहरुसंग यसको अन्तर्सम्वन्ध, कर्मचारी तथा जनप्रतिनिधिहरुको अनौठो संगमवाट सञ्चालित कार्यालय, स्थानीय तहमा हुने विभिन्न राजनैतिक प्रभाव, स्थानीय तहप्रति धैरै व्यक्ति तथा संस्थाहरुको अन्तर्निहित स्वार्थ, एकल राज्य व्यवस्थावाट गणतन्त्रात्मक व्यवस्थामा भएको पर्दापण आदि कारणले स्थानीय तहलाई जटिल वनाएको छ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा नेपालको संविधान २०७२ ले गाउँपालिकालाई २२ वटा एकल अधिकार प्रदान गरेको छ भने १५ वटा साझा अधिकारहरु प्रदान गरेको छ।

यसले एकातर्फ १५ वटा अधिकारहरुका लागि संघ तथा प्रदेशसंग समन्वय, सहकार्य, सहमति गर्नु पर्ने देखिन्छ भने संविधानले प्रदान गरेका २२ वटा एकल अधिकारहरुलाई जनताको जीवनमा साँचो परिवर्तन आउने गरी बहुसरोकारवालाहरूको सहमति र सहकार्य अनुरुप कार्यान्वयनमा ल्याउन जरुरी छ । यसरी विभिन्न संवैधानिक, कानूनी, प्रशासनिक आदि जटिलताहरुसंग जुध्दै आफ्ना दैनिक कार्यहरुलाई प्रभावकारी रुपमा अघि वढाउन आवश्यक छ । जटिलताहरुको वीच पनि सरलताको खोजी गर्ने कार्यको अर्को नाम हो क्षमता विकास योजना।हरेक संस्थाले आफूलाई आफ्नो सन्दर्भ अनुसार ढाली समयानुकुल परिवर्तन गर्न जरुरी छ।परिवर्तन सजिलो प्रक्रिया होइन।परिवर्तन उकाली चढे जस्तो हो । परिवर्तन समयानुकुल, सामाजिक, आर्थिक, सांस्कृतिक, पर्यावरणीय अवस्था अनुकुल हुनु पर्छ।यी सवै जटिलता, चुनौतिहरुको वीचमा पनि यदि परिवर्तनको स्पष्ट खाका हुन सक्यो भने यसले गाउँपालिका लाई स्पष्ट दिसावोध गर्छ अनि परिवर्तनका लागि उत्प्रेरित गरिरहन्छ।

गाउँपालिकाभित्र भएका शाखा, शाखामा कार्यरत कर्मचारी, कर्मचारी कर्मचारी वीचको सहकार्य, असल सम्वन्ध, उनीहरुको कार्यसम्पादन, विषयगत अन्तर सम्बन्धका लागि समन्वय आदि कुराहरुले गाउँपालिका को क्षमतामा असर पार्छ।हेर्दा कर्मचारी वैठक, समीक्षा वैठक केही होइन जस्तो लाग्छ तर यसलाई प्रभावकारी अनि सहभागितात्मक रुपमा प्रयोग गर्न सक्ने हो भने क्षमता विकासको यो एउटा ठूलो औजार वन्न सक्छ ।गाउँपालिकाले गर्ने हरेक कामको समय सीमा हुन्छ।समय सीमाभित्र काम सिद्धाउनका लागि हरेक शाखा सुसंगठित हुन जरुरी छ।एउटा युद्धमा जाने सिपाहीले आफूलाई चाहिने सवै उपकरण साथमा लिएर गए जस्तै गाउँपालिकामा काम गर्ने हरेक शाखा, उपशाखाहरुले समयमा कार्ययोजना वनाई काम गर्नु पर्ने हुन्छ।तर सो काम गर्नका लागि उनीहरुलाई उनीहरुको सो कामका लागि चाहिने ज्ञान, सीप, सूचना, उपकरण आदिले वाधा पुर्याएको हुन सक्छ ।यसरी समयमा कार्यसम्पादन गर्न वाधा पुर्याउने वाधक तत्वहरु पहिचान गरी त्यसलाई हटाउनका लागि पनि क्षमता विकास योजना चाहिएको हो।गाउँपालिकाले गर्ने सवै कामहरु छोटो प्रकृतिका हुँदैनन।

केही कामहरु दीर्घ प्रकृतिका हुन्छन यस्ता दीर्घ प्रकृतिका कामहरु गर्न गाउँपालिका ले आफ्नो मात्र संस्थागत विकास नगरी समुदायको पनि संस्थागत विकास गर्न जरुरी हुन्छ।भनिन्छ, अरुको विकासमा काम गर्नेहरुले, अरुलाई परिवर्तन गर्नेहरुले पहिला आफूलाई परिवर्तन गर्न जरुरी हुन्छ।आफूले आफैवाट सिक्ने, नजिकका छिमेकी गाउँपालिका वा वडा कार्यालयहरुवाट भएका राम्रा कामहरुवाट सिक्नका लागि हामीमा सिक्ने वानीको जरुरी हुन्छ।क्षमता विकास योजनाले स्वसिकाईको प्रवर्द्धनमा जोड दिन्छ।साथसाथै गाउँपालिकामा भएका विलक्षण प्रतिभा तथा क्षमता भएका कर्मचारीहरुको क्षमतालाई आत्मसात गरी उनीहरुलाई कामका लागि थप उत्प्रेरित गर्नका लागि पनि क्षमता विकास योजनाको आवश्यकता पर्दछ ।

***एक पटक एउटा संस्थाका २ जना निर्णायक तहका कर्मचारीहरु वीच विवाद भएछ । संस्थाका निर्देशकले भनेछन: कर्मचारीको क्षमता विकासमा खर्च गरेर के गर्ने अर्को वर्ष यो संस्था छोडेर गए भने यिनीहरुका लागि लगानी गरेको रकम बेकार जान्छ । उनको प्रश्नको उत्तर दिंदै व्यवस्थापकले भनेछन: यदि क्षमता नभएका, कामका लागि उत्प्रेरित नभएका कर्मचारीहरु सधैं भरि यही संस्थामा वसी रहे भने के होला ? भनेर प्रतिप्रश्न गरेछन ।***

त्यसैले यदि संस्थालाई थप वलियो र जनसेवामैत्री, प्रतिफलमूलक वनाउने हो भने क्षमता विकास योजनाको आवश्यकता छ।अर्को सत्य के हो भने जति गाउँपालिका कर्मचारी तथा जनप्रतिनिधिहरु यहाँको विकासका लागि सहयोगी वन्न सक्छन त्यति नै उनीहरु वाधक पनि वन्न सक्छन । उनीहरुलाई विकासको वाधक भन्दा पनि सहयोगि, सहजकर्ता वनाएर लान जरुरी छ।उनीहरुलाई सहजकर्ता वनाएर लान सकियो भने यसले स्थानीय स्वामित्व वढाउन पनि सहयोग गर्छ।वास्तवमा कर्मचारीका अतिरिक्त सरोकारवालाहरुको क्षमता विकासमा पनि हामीहरुले जोड दिनु पर्छ।क्षमता विकास भन्ना साथ हामीकहाँ तालिम गोष्ठी मात्र भनेर वुझ्ने चलन छ।क्षमता विकास भनेको एउटा फाँट र अर्को फाँटको वीचमा सुमधुर सम्वन्ध कायम गर्न, अन्तर समन्वय र साझेदारी वढाउनका लागि गरिने कार्य पनि क्षमता विकासमा पर्दछ।कर्मचारी, जनप्रतिनिधि तथा सरोकारवालाहरुको कामका लागि प्रतिवद्धताको तह वढाउनका लागि पनि क्षमता विकास कार्यक्रमको आवश्यकता छ।अर्को हामी

सोच्छौं क्षमता विकासका लागि पैसा नै चाहिन्छ भन्ने छैन।गाउँपालिकाभित्र भएका कतिपय समस्याहरु पैसा विना पनि समाधान गर्न सकिन्छ।गाउँपालिकामा कार्यरत शाखा, गाउँपालिका का वडा कार्यालय, जनप्रतिनिधि, सरोकारवालाहरुको कार्यसम्पादन जति वढ्छ उति नै वढी गाउँपालिका को कार्यसम्पादन वढ्छ।क्षमता विकास कार्यक्रमहरुले मानिसहरुलाई कामका लागि उत्प्रेरित गर्छ।जब एउटा काम राम्ररी सम्पादन हुन्छ त्यसको वहुगुणात्मक प्रभाव हुन्छ।अर्थात एउटा राम्रो कामले अरु धेरै राम्रा कामहरुका लागि मार्ग प्रशस्त गर्छ।कार्य सम्पादनलाई विभिन्न तहहरुवाट मूल्याङ्कन गर्न जरुरी छ।कार्यसम्पादनलाई व्यक्तिगत, संस्थागत तथा सामुदायिक विकास आदि तहवाट हेर्न जरुरी छ।

## १.६ क्षमता विकास योजना तर्जुमामा अपनाइएको विधिः

बागमती गाउँपालिका को क्षमता विकास योजना तर्जुमा आवश्यकता पहिचान, अभिमुखिकरण, तथा समुहगत छलफल र अन्तरक्रियाको आधारमा तयार पारिएको छ।यस बागमती गाउँपालिकामा विगतमा सामान्य क्षमता विकास का कार्यक्रम सन्चालन भएतापनि योजनावद्ध ढंगले क्षमता विकासका लागि कुनै पनि योजना निर्माण भइ कार्यान्वयन नभएको सन्दर्भमा विगतमा सम्पादन गरिएका कार्यक्रमको समीक्षा,यस गाउँपालिका को संस्थागत क्षमता स्वमुल्याङ्नबाट औंल्याइएका आवश्यकता र कार्ययोजना, गाउँपालिका अन्तरगतका विषयगत शाखाबाट क्षमता विकासको लागि गरिएको सर्वेक्षण नै क्षमता विकास योजना निर्माणका आधारहरू हुन्।क्षमता विकासको स्थिति लेखाजोखा तथा सम्भावित क्षमता विकासका क्रियाकलापहरूको पहिचानका आधारमा “क्षमता विकास योजना” तयार पारिएकोछ।यसका अतिरिक्त यो योजना तयार गर्दा देहायका विधिहरु अवलम्वन गरिएको थियो।

(क) क्षमता विकास योजनासँग सम्बन्धित दस्तावेज, नेपालको संविधान, स्थानीय सरकार सञ्चाल ऐन,संघ तथा प्रदेश सरकारको निति तथा वजेट, गाउँपालिका को वार्षिक प्रगति समिक्षा प्रतिवेदन, गाउँपालिका को संगठनात्मक संरचनाको अध्ययन, गाउँपालिकाको विगत ३ वर्षको नीति, कार्यक्रम तथा बजेट, गाउँपालिका को कर्मचारी दरबंदी तथा पदपूर्तिको अवस्था, गाउँपालिकाको भवन, मेसिन, उपकरण तथा भौतिक स्रोत साधनहरू, गाउँपालिकाले पारित गरेका ऐन, नियम, कार्यविधिहरू आदि को अध्ययन र छलफल गरिएको थियो।

(ख) प्राप्त दस्तावेज अध्ययन र छलफल पश्चात क्षमता विकास योजनाले समेट्नु पर्ने विषय वस्तु, सूचना र तयार गर्ने प्रकृया बारे गाउँपालिका का निर्वाचित पदाधिकारी, कर्मचारी, सङ्घ, संस्था लगायत सरोकारवाला बिच प्रस्तुतीकरण तथा छलफल कार्यक्रम संचालन गरिएको थियो।

(ग) गाउँपालिका तथा सम्बन्धित निकायहरुको वर्तमान संस्थागत र मानव संशाधनको क्षमताको लेखाजोखा गर्नको लागि गाउँपालिका को क्षमता विकास योजना तर्जुमा दिग्दर्शनको अनुसूची २, ३, ५, ६, ८ र ९ अनुसारको फारमहरुको प्रयोग गरी आवश्यक सुचना संकलन गरिएको थियो।

(घ) सुचना संकलन वाट प्राप्त सुचनाहरुको प्रस्तुतीकरण तथा अन्तरक्रियाको क्रममा उठेका जिज्ञासामा छलफल अन्तरकृयाको क्रममा प्राप्त सुझावहरुबारे छलफल गरी क्षमता विकास योजनामा समेट्नु पर्ने विषयवस्तु, सहभागिता र श्रोत साधन बारेमा छलफल गरि योजना लाइ अन्तिम रुप दिने सहमती गरिएको थियो।

(ङ) सोही अनुरुप अन्त्यमा सुझावहरुलाई समेटी, त्रुटीहरुलाई सच्याउने, छुट भएका विषयवस्तु र क्रियाकलाप समावेश गरी क्षमता विकास योजनालाई अन्तिम दिइएको छ।

## परिच्छेद – २ बागमती गाउँपालिका को संक्षिप्त परीचय

### २.१ गाउँपालिका को परीचयः

राज्यको पुनर्संरचना पश्चात मितिः २०७३ फाल्गुन २२ गते ललितपुर जिल्लाको क्षेत्र नं. १ अन्तर्गतका साविक सातवटा गा.वि.स.हरु क्रमसः घुसेल, माल्टा भट्टेडाँडा, प्युटार, ईकुडोल, आस्राङ, गिम्दी लाई समेटेर बागमती गाउँपालिका बनाईएको हो । हाल यस गाउँपालिकामा जम्मा ७ वटा वडा बिभाजन गरिएको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल १११.४९ वर्ग कि.मि. रहेको छ। यस गाउँपालिकाको पूर्वमा माहांकाल गा.पा., पश्चिममा काठमाडौं जिल्ला, उत्तरमा गोदावरी नगरपालिका र कोन्ज्योसोम गाउँपालिका, दक्षिणमा मकवानपुर जिल्ला रहेकोछ।

### २.२ गाउँपालिका को ऐतिहासीक चिनारी तथा नामाकरणः

मिति २०७३ फाल्गुन २२ ललितपुर जिल्लाको प्रतिनिधि सभा क्षेत्र नं १ प्रदेश सभा ख अन्तर्गतका साविक सातवटा गाहरु क्रमस घुसेल्.स.वि., माल्टा, भट्टेडाँडा, प्युटार्, इकुडोल्, आश्राङ, गिम्दी हाल क्रमस वागमती) गाउँपालिका वडा नं १,२,३,४,५,६,७मिलाएर वागमती गाउँपालिका घोषणा भएको ( थियो। १११कि ४९..मि . स्क्वायर कुल क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा महाङ्काल गाउँपालिका, पश्चिममा काठमाडौं जिल्ला, उत्तरमा गोदावरी नगरपालिका र कोन्ज्योसोम गाउँपालिका, दक्षिणमा मकवानपुर जिल्ला रहेका छन्। वि स २०७८ को जनगणना अनुसार ११,३५३ जनसंख्या रहेको यो गाउँपालिकको जनघनत्व १०२ व्यक्ती प्रती कि .मि. स्क्वायर रहेको छ। हिन्दू र बुद्ध धर्मको बहुल्यता रहेको यस गाउँपलिकामा विभिन्न जातजातीहरुको बसोबास रहेको छ। ब्राम्हण जाति (पहाडी), तामाङ, क्षेत्री लगायत मगर, दमाइ, कामि, घले, ब्रह्मु लगायत जातीहरु रहेका छन्। यहाँ नेपाली भाषा पछाडी बोलिने अन्य भाषाहरुमा तामाङ र मगर नै हुन्। दशै, तिहार, कृष्णजन्माष्टमी तीज्, बुद्ध पुर्णिमा, लोसार यहाँका प्रमुख चाडपर्व हुन् । औषत पारिवारिक आम्दानीमा कृषि र गाइवस्तु पालन व्यवसायले सबैभन्दा ठूलो हिस्सा ओगटेको यहाँ माल्टा फाँट, भट्टेडाँडाको राडर क्षेत्र, सिद्देस्वोर महादेव, महाङकालस्थान मन्दिर्, इकुडोलको माझखण्ड बुद्ध बिहार्, आश्राङको घ्याम्पे दह्, गिम्दीको चमेरो गुफा जस्ता पर्यटकिय सम्भावना बोकेका ठाउँहरुलाई प्रचार प्रसार गर्न सकेमा वागमती गाउँपालिका हुँदै काठमाडौं र हेट्टौडा जोड्ने छोटो दुरिको कान्ती लोकपथमा हिंड्ने मानिसहरुको प्रमुख पर्यटकिय गन्तव्यस्थल बिकास हुनेछ र पर्यटकिय व्यवसाय पनि आयआर्जनको प्रमुख स्रोत हुनसक्नेछ जसले गर्दा हाल उत्पादन भई आयात हुने दुध्, धान, गहुँ, मकै, भटमास, तोरि, फापर्, कोदो, दाल्, केराउ, सिमि, बोडि, फर्सि, काक्रौं, कुखुराहरुले स्थानिय तहमानै उचित बजार मुल्य पाउनेछन्। शिक्षा नै समाजको चेतना बिकास गर्ने आधार भएकोले यस गाउँपलिका भरी आधारभुत एवम् मध्यामिक गरी कुल ४९ वटा विद्यालयहरु सन्चालन भइरहेका छन् । स्वास्थ्य समस्याहरुलाई समाधान एवम् रोकथामका लागि प्रत्यक वडाहरुमा प्राथमिक स्वास्थ्य चौकीहरु रहेका छन्

## २.३ गाउँपालिका को जनसंख्या सम्बन्धि विवरण:

यस बागमती गाउँपालिकामा जम्मा ७ वटा वडा रहेका छन् । जनसंख्याका हिसाबले सबैभन्दा ठूलो वडा नम्बर ४ रहेको छ । गाउँपालिकाको कुल जनसंख्या ११३५३ रहेको जस मध्ये २१३७ जनसंख्या वडा नम्बर ४ को मात्र रहेको छ भने सबैभन्दा सानो अर्थात गाउँपालिकाको कुल जनसंख्याको जम्मा १४०२ जनसंख्या वडा नं. १ को रहेको छ, जसमा महिलाको जनसंख्या ५६५३ अर्थात ४९.८ प्रतिशत र पुरुषको जनसंख्या ५७०० अर्थात ५०.२ प्रतिशत जनसंख्या रहेको छ ।

| वार्ड नं | जनसंख्या | | | |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | कैफियत |
| १ | ७२७ | ६७५ | १४०२ | |
| २ | ८३९ | ८०८ | १६४७ | |
| ३ | ७८९ | ७८३ | १५७२ | |
| ४ | १०५१ | १०८६ | २१३७ | |
| ५ | ७१४ | ७२९ | १४४३ | |
| ६ | ६०३ | ५९४ | ११९७ | |
| ७ | ९७७ | ९७८ | १९५५ | |
| जम्मा | ५७०० | ५६५३ | ११३५३ | |

*स्रोत:राष्ट्रिय जनगणना २०७८*

## २.४ गाउँपालिकाको भौगोलिक सिमाना:

१११ ४९.किस्क्वायर कुल क्षेत्रफल रहेको यस गाउँपालिकाको .मि. पूर्वमा महाङ्काल गाउँपालिका, पश्चिममा काठमाडौं जिल्ला, उत्तरमा गोदावरी नगरपालिका र कोन्ज्योसोम गाउँपालिका, दक्षिणमा मकवानपुर जिल्ला रहेका छन् । वि स २०७८ को जनगणना अनुसार ११,३५३ जनसंख्या रहेको यो गाउँपालिकको जनघनत्व १०२ व्यक्ती प्रती किस्क्वायर रहेको छ । हिन्दू र बुद्ध धर्मको .मि. बहुल्यता रहेको यस गाउँपलिकामा विभिन्न जातजातीहरुको बसोबास रहेको छ ।

## २.५ बागमती गाउँपालिकाको आर्थिक स्रोत

यस गाउँपालिकाको क्षेत्रमा कृषि, पशुपालन तथा पर्यटनको राम्रो सम्भाबना रहेको देखिन्छ । पारिवारिक आम्दानीको करिब ९० प्रतीशत कृषि र पशुपालन व्यवसायले ओगटेको छ । यहाँको प्रमुख कृषिजन्य उत्पादनहरुमा धान, मकै, तोरी, फापर, गहुँ, कोदो, दाल, भटमास, केराउ, सिमि, बोडि, फर्सी, काक्रा, आदि पर्दछन् भने पशुजन्य उत्पादनमा दुध र मासु पर्दछन् । माल्टा फाँट, भट्टेडांडाको राडर क्षेत्र, सिद्धेश्वर महादेव, माहांकालस्थान मन्दिर, इकुडोलको माझखण्ड बुद्ध विहार, आश्राङको घ्याम्पे दह, गिम्दीको चमेरो गुफा, आदि पर्यटकिय सम्भावना बोकेका स्थलहरु रहेका छन् । कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न उन्नत जातका

बीउबिजन, पावर ट्रेलर, च्याप कटर, डिजिटल काँटा, क्रेट सामग्री वितरण जस्ता प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिदै आएको छ । बागमती गाउँपालिकालाई पर्यटकिय गन्तव्य स्थलको रुपमा विकास गर्न पर्यटकिय गुरुयोजना कार्यान्वयनमा रहेको छ । महिला, जनजाति, दलित तथा उत्पीडित वर्गहरुको सशक्तिकरण एवं उत्थानका लागि आवश्यक चेतनामुलक, सीपमूलक तथा आय आर्जनमूलक तालिमहरुको व्यवस्था गरिदै आएको छ ।

## परिच्छेद – ३ क्षमता विकास योजना

### ३.१ क्षमता विकास योजनाको परीचय:

बागमती गाउँपालिकाले क्षमता विकास योजना (आ.व. (२०८३/८४—२०८५/८६) तयार पारिएको छायस गाउँपालिकाले ३ वर्षे क्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४ र स्थानीय सरकारको संस्थागत स्वमुल्याङ्कन कार्ययोजनाबाट  गाउँपालिका लाई प्राप्त जिम्मेवारीहरू पूरा गर्न आवश्यक पर्ने क्षमता विकासका लागि यो दस्तावेजले मार्गदर्शन गर्नेछ । यो योजना सहभागितामूलक ढङ्गबाट तयार पारिएको छ।

### ३.२ क्षमता विकास कार्यक्रमका उदेश्यहरु:

यस  गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा गर्नुको मुख्य उदेश्य  गाउँपालिका  र सहयोगी सरोकारवालाको संस्थागत तथा मानव संशाधन क्षमता अभिबृद्धि गरि विकास व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय र पारदर्शी र जवाफदेही बनाउनु रहेको छ भने यसका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- स्थानीय तहमा कार्यरत कर्मचारी तथा पदाधिकारीहरुको समग्र क्षमता अभिवृद्धिका लागि विस्तृत कार्ययोजना तयार भै कार्यान्वयनका लागि ठोस नीति तय हुने ।
- स्थानीय तहको समग्र संस्थागत क्षमता विकासका लागि SWOT विश्लेषण भइ प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक सुधारका क्षेत्रहरको पहिचान भइ ठोस कार्य योजना तयार हुने
- गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा भई सोको कार्यान्वयनबाट गाउँपालिका तथा सहयोगी निकायहरुको कार्यसम्पादन स्तरमा सुधार गर्ने,
- क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक स्रोत तथा साधनहरुको एकीन भई सोको परिपूर्तिका लागि सरोकारवालहरुलाई मार्ग दर्शन गर्ने,
- स्थानीय विकास प्रक्रिया, सेवा एवं सुविधामा अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय र पिछडिएको तथा आर्थिक रुपले विपन्न वर्गको पहुँच वृद्धि गर्न सहयोग गर्ने ।

### ३.३ संघ, प्रदेश र गाउँपालिका को क्षमता विकास योजनाहरुको अन्तरसम्बन्ध

नेपालका संघ, प्रदेश र स्थानिय तहको समन्वयात्मक सहकार्य वाट मात्रै समग्र विकास सम्भव छ। नेपालको संविधानले उल्लेख गरेको तिनै तहका सरकारको शासन प्रणली समन्वयात्मक र सुदृढ भएमा मात्रै विकास को नतिजा र प्रतिफल प्रभावकारी हुन्छ ।यसरी तिनै तहका सरकारका विच विकास निर्माण, निति तथा कानुन निर्मण र योजना निर्माणमा तादाम्यता हुन जरुरी छ।नेपालको संविधानले स्थानिय तहहरुले आफ्नो कानुन, निति र योजना निर्माण गर्दा संघ र प्रदेश सरकार संग नवाझिने गरी निर्माण गर्न अनुसुचीहरुमा एकल अधिकार र साझा अधिकारको व्यवस्था गरेको छ।यो क्षमता विकास योजना पनि त्यहि मर्मलाइ आत्मसात गरी तयार गरिएको छ।

### ३.४ योजना तर्जुमाको चरण र प्रक्रिया

क्षमता विकास योजना निर्माण को विषय महत्वपुर्ण विषय हो । त्यसैले यसको तयारी पनि विभिन्न चरण पुरा गर्नु पर्छ । यो योजना तयारीका क्रममा देहाय वमोजिमको चरण र चक्र अपनाइएको थियो । क्षमता विकास योजना तयारी चक्र ।




### ३.५क्षमता विकास निर्देशक समिति

क्षमता विकास योजना तयारी दिग्दर्शन २०७६ ले निर्दिष्ट गरेका जिम्मेवारीहरुका क्षमता विकास समन्वय समिति गठन गरिएको थियो।सो समितिको नामावली निम्न अनुसार छ ।गाउँपालिका ले आवश्यकता अनुसार समितिको पुर्नगठन गर्ने छ।

| क्र स | पद | समितिको पद |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | संयोजक |

| | | |
|---|---|---|
| २. | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. | आर्थिक विकास समिति संयोजक | सदस्य |
| ४. | सामाजिक विकास समिति संयोजक | सदस्य |
| ५. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

### ३.६ वर्तमान क्षमताको लेखाजोखा/ विश्लेषण

बागमती गाउँपालिकाको सम्भाव्यता र अवसर र चुनौतीलाइ विश्लेषण गर्दा यस बागमती गाउँपालिका को विभिन्न क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ ।गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे बाली, फलफुल, मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।आवश्यक प्रविधि, मल, बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले कृषकहरुको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा दुग्धजन्य, मासुजन्य उद्योगहरुको विकास गर्न सकिनेछ।जसबाट रोजगारी श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा रोजगारीको स्थिति श्रृजना गर्न सकिन्छ ।

### ३.७ बागमती गाउँपालिका को संस्थागत क्षमता विकास लेखाजोखा

यस क्षमता विकास योजना निर्माण गर्दा क्षमता "विकास योजना तर्जुमा दिग्दर्शन २०७६" को अनुसूचि २ को फाराम को आधारमा बागमती गाउँपालिका को ५ वटै विषयगत क्षेत्रको संस्थागत क्षमता (सञ्चालन व्यवस्थापन) लेखाजोखा गरिएको थियो।यस पालिकाको आफ्नै सुविधा सम्पन्न प्रशासकीय भवन रहेको छ।गाउँपालिका को आफ्नै सभाहल रहेको छ भने १० वडा कार्यलयहरुले आफ्नै भवन वाट सेवा दिइरहेका छन।त्यसैगरी प्रदेश स्तरिय केही कार्यालयहरु पनि व्यवस्थित हुदैछन।गाउँपालिका ले स्वास्थ्यको क्षेत्रमा स्वास्थ्य चौकी विभिन्न ठाउँमा रहेका छन त्यस्तै १५ सैयाको अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ।अव गाउँपालिकाले गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा ध्यान दिन जरुरी छ।गाउँपालिकाले गाउँ शिक्षा योजना निर्माण गरि कार्यान्वयनमा ल्याएको छ भने अव यसलाइ अध्यावधिक गर्ने र अरु क्षेत्रगत योजना निर्माण गर्न जरुरी छ।यसै गरि गाउँपालिकाले रोजगार सृजना गर्ने योजना निर्माण गरि कार्यान्वयन गर्न आवस्यक छ।लक्षित वर्गको सशक्तिकरणका लागी विभिन्न आर्थिक वर्षमा कार्यक्रम सञ्चालन आएता पनि अझै पर्याप्त हुन सकेको छैन।यसका लागी अझै पर्याप्त कानुन वनाउन आवश्यक छ।गाउँपालिका ले वातावरण, विपद व्यवस्थापन र जलवायु परिवर्तनका लागी कार्य गरिरहेको भएतापनि योजना निर्माण गरी योजनावद्ध ढंगले पुर्व तयारीका कार्य भने कमै भएको पाइन्छ।गाउँपालिका को वार्षिक योजना तर्जुमा प्रक्रिया चरणवद्ध रुपमा भएपनि योजना

प्राथमिकिकरण भने वैज्ञानीक विधिको प्रयोग गरी गर्ने गरेको कमै मात्र पाउन सकिन्छ ।गाउँपालिकाले दिगो विकासका लक्ष्यहरुलाइ स्थानीयीकरण गरि दिगो विकासको लक्ष्य हासील हुनेगरी योजना तर्जुमाको परिपाटी विकास गर्न जरुरी छ।बागमती गाउँपालिकाले उपभोक्ता समिति हरुको क्षमता विकास गर्न पनि आवस्यक देखिन्छ।त्यसैगरी दिगो वातावरणीय विकासमा ध्यान दिइ फोहरमैलाको उचित व्यवस्थापन र डम्पिङसाइट को निर्माण गर्न जरुरी छ।गाउँपालिकाले राजस्वको क्षेत्र र दायरा विस्तार गरि आन्तरिक आय वृद्धि गर्नुपर्ने देखिन्छ।यसका अतिरिक्त अनुगमन प्रणाली लाइ नतिजामुखि र संघ,प्रदेश र अन्तरपालिका संगको सहकार्य र समन्वय विस्तार गर्न पनि आवश्यक छ।

गाउँपालिकाले संगठन संरचना अनुसारको कर्मचारीको व्यवस्था तथा शाखाहरुमा आवश्यक कर्मचारीहरुको प्रवन्ध गर्न जरुरी छ।त्यसैगरी कर्मचारकिो आचारसहिता र कार्यसम्पादन संझौता अनुसार सेवा प्रवाहको परिपाटी विकास गर्न पनि आवश्यक छ।गाउँपालिकाले वित्तिय व्यवस्थापनका लागी आम्दानी र खर्च प्रणाली लाइ व्यवस्थित गरि वित्तिय सन्तुलन कायम र खरिद प्रणालिलाइ योजना निर्माण गरि व्यवस्थित गर्न आवस्यक देखिन्छ।त्यसैगरि अभिलेख व्यवस्थापन प्रणालीलाइ थप प्रभावकारी वनाउनु पर्ने देखिन्छ।स्थानीय सरकारको संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा फाराम ३ को आधारमा लेखाजोखा गर्दा यस गाउँपालिकामा सभा सञ्चालन र कार्यपालिका वैठक सञ्चलन कार्यविधि अनुरुप भएतापनि सभा संचालनका लागि आवश्यक, विधि, र प्रक्रियालाइ अझै सुदृढ गर्नुपर्ने देखिन्छ।गाउँपालिकाले न्यायीक समितिका पदाधिकारी र कर्मचारीलाई क्षमता अभिवृद्धि, कानुनी जनशक्ति थप तथा व्यवस्थापन गर्नु आवश्यक रहेको छ । विषयगत समिति तथा पदाधिकारीहरुको क्षमता विकास, समितिको क्षेत्राधिकार वारे क्षमता विकास वडा कार्यालयमा आवश्यक स्रोत र साधनको व्यवस्था गरि सेवा प्रवाहलाइ भरपर्दो र थप गुणस्तरिय वनाउनु पर्दछ ।गाउँपालिकामा गुनासो सुन्ने संयन्त्र निर्माण तथा व्यवस्थित गर्ने र गुनासो सुन्ने अधिकारी तोक्ने कार्यलाइ अझै प्रभावकारी वनाउन जरुरी छ।दिग्दर्शन को अनुसुची ५ को आपूर्तिमा आधारित क्षमता विकास आवश्यकता पहिचानका लागि प्रयोगमा ल्याउने फारामको आधारमा गाउँपालिका को लेखाजोखा गर्दा संविधानको अनुसुची ८ ले दिएको एकल अधिकार को क्षेत्र अन्तरगत प्रायजसो सवै अधिकार को उपयोग भएको देखिन्छ।यस अन्तरगतका अधिकांस अधिकारहरुको पुर्ण उपयोग र जनशक्ति भएको पाइएको छ।तर स्थानीय सेवा व्यवस्थापन, स्थानीय तथ्यांक र अभिलेख व्यवस्थापन, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास को क्षेत्रमा आंश्कि उपयोग जनशक्ति कम भएको देखिन्छ। संविधानको अनुसुची ९ अनुसारको साझा अधिकार अन्तरगत अरु सवै अधिकारको उपयोग भएतापनि सवारी साधन अनुमति ,भूमि व्यवस्थापन र यातायात सेवाको क्षेत्रमा उपयोग र जनशक्ति नभएको देखिन्छ भने विद्युत्, खानेपानी तथा सिंचाइ जस्ता सेवाहरू, वन, जंगल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता, स्थानीय स्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्वर्द्धन र पुनर्निमार्ण सम्वन्धमा आंशिक

उपयोग भएको र जनशक्ति नभएको देखिन्छ।ऐन, नियम, विधि र प्रणालीको स्थापनाको अवस्थाको लेखाजोखा गर्दा संघिय मामिला तथा स्थानिय मन्त्रालयले पठाएको नमुना कानून अनुसार एकल अधिकार क्षेत्रका स्थानिय तथ्यांक र अभिलेख व्यवस्थापन कार्यविधि व्यवसाय कर सम्बन्धी कार्यविधि, घरवहाल कर व्यवस्थापन, आधारभूत स्वास्थ्य र सरसफाइ,स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास र साझा अधिकार क्षेत्रका सामाजिक सुरक्षा र गरीबी निवारण, कार्यविभाजन र कार्य सम्पादन अन्तरगत स्थानीय सरकारको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, भवन निर्माण तथा सडक सम्बन्धी व्यवस्था र आकस्मिक कोष वाहेक अरु कानुन वनेका छन।यी विषय संग सम्बन्धित ऐन, कानून तथा कार्यविधि तयार गरि लागु गर्नुपर्ने देखिन्छ। कर्मचारी तथा पूर्वाधार अवस्थाको विश्लेषण गर्दा गाउँपालिकाको आफ्नै भवन, सभाहल, विद्यालयहरु तथा स्वास्थ्य केन्द्रहरु रहेका छन।

## ३.८ बागमती गाउँपालिका को वर्तमान सांगठनिक अवस्था

बागमती गाउँपालिका को वर्तमान अवस्थाको अध्ययन गर्ने सन्दर्भमा यसको विद्यमान साङ्गठनिक संरचनाको समेत विश्लेषण गरिएको थियो।गाउँपालिका लाई प्रचलित कानुनले तोकेको कार्य जिम्मेवारी पुरा गर्न तथा हासिल गर्न खोजेका दीर्घकालीन लक्ष्यहरू एवम् यसबाट गाउँपालिका बासीहरूले राखेका अपेक्षाहरू पूरा गर्न सक्ने गर्न गराउँनका लागी गाउँपालिका को साङ्गठनिक सुदृढीकरण सम्बन्धी सुधारात्मक क्रियाकलापहरूको पहिचान गरीएको थियो।क्षमता विकास योजना तयार गर्दा यसको विद्यमान सङ्गठन स्वरूप, दरबन्दी, कार्यबोझ, जनशक्ति विकासको अवस्था र आन्तरिक स्रोत परिचालनको अवस्थालाई सहभागितात्मक पद्धतिबाट पुनरावलोकन गरिएको थियो।यसका लागि कार्यशालाका सहभागिहरू तथा कार्यालयले उपलब्ध गराएको सूचनालाई मुख्य आधारको रूपमा लिइएको छ।

## ३.९ संगठन स्वरुप

सङ्गठन संरचनाकै आधारमा कर्मचारीहरू परिचालन हुने र कर्मचारीहरू मार्फत नै सङ्गठनले सेवा प्रवाह गर्ने हुँदा गाउँपालिका को साङ्गठनिक क्रियाकलापहरूलाई दिशा निर्देशन गर्न यसको सङ्गठन संरचनाले निकै महत्वपर्ण भूमिका खेलेको हुन्छ।बागमती गाउँपालिका ले आफ्ना क्रियाकलापहरूलाई व्यवस्थित गर्न तथा गुणस्तरिय सेवा प्रवाह का लागी सङ्गठन स्वरूप स्वीकृत गरी सेवा संचालन गर्दै आएको छ। गाउँपालिका को सङ्गठन संरचनामा समयानुकूल सुधार र परिमार्जन गर्दै आइरहेको छ।गाउँपालिका मा सङ्गठन भित्रका प्रत्येक शाखा, उपशाखा तथा इकाईहरूको स्पष्ट कार्य विवरण तयार गरी लागू गर्नु पर्ने देखिन्छ।गाउँपालिका को विद्यमान सङ्गठन स्वरूपलाई यस प्रकार छ।

**गाउँपालिकाका कार्यपालिका सदस्यहरुको विवरणः**

| क्र.स. | नाम, थर | पद |
|---|---|---|
| १ | बीर बहादुरलोप्चन | नगर प्रमुख |

| क्र.स. | नाम, थर | पद |
|---|---|---|
| २ | भक्त बहादुर दर्लामी मगर | नगर-उपप्रमुख |
| ३ | ज्ञान बहादुर लो | वडा अध्यक्ष |
| ४ | राम बहादुर भुलुन तामाङ | वडा अध्यक्ष |
| ५ | नवराज खड्का | वडा अध्यक्ष |
| ६ | राम कुमार लामा | वडा अध्यक्ष |
| ७ | नवराज तिमल्सिना | वडा अध्यक्ष |
| ८ | नारायण भोम्जन | वडा अध्यक्ष |
| ९ | सुनमाया थिङ | कार्यपालिका सदस्य |
| १० | सरस्वती मोक्तान | कार्यपालिका सदस्य |
| ११ | सुशिला सुनार | कार्यपालिका सदस्य |
| १२ | भीम कुमारी मोक्तान लामा | कार्यपालिका सदस्य |
| १३ | रमेश घले | कार्यपालिका सदस्य |
| १४ | लोकहरी थापा | प्रमुख प्रशासकीय अधिकृत |

## ३.१० जनशक्ति विवरण

बागमती गाउँपालिका को कर्मचारी दरबन्दी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुरुप हरेक वर्ष नगर सभाबाट स्वीकृत गराउनु पर्ने कानूनी प्रावधान अनुरुप यस गाउँपालिका को विद्यमान कर्मचारी दरबन्दी निम्नानुसार रहको छ।

| क्र.स. | पद | तह/श्रेणी | सेवा | समुह | स्वीकृत दरबन्दी | बाकी पद |
|---|---|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | ८ औ | प्रशासन | सा.प्र. | १ | |
| २. | इन्जिनियर | ७/८औ | इन्जि. | सिभिल | १ | १ |
| ३. | अधिकृत | ७/८औ | शिक्षा | शि.प्र. | १ | १ |
| ४. | अधिकृत | ७/८औ | प्रशासन | लेखा | १ | १ |

| क्र.स. | पद | तह/श्रेणी | सेवा | समुह | स्वीकृत दरबन्दी | बाकी पद |
|---|---|---|---|---|---|---|
| ५. | अधिकृत | ६ औ | प्रशासन | सा.प्र. | २ | २ |
| ६. | आन्तरिक लेखा परिक्षक | ५ औ | प्रशासन | लेखा | १ | १ |
| ७. | सहायक | ५ औ | प्रशासन | सा.प्र. | ४ | ४ |
| ८. | कम्प्युटर अपरेटर | ५ औ | विविध | | १ | १ |
| ९. | लेखा सहायक | ५ औ | प्रशासन | लेखा | १ | १ |
| १०. | प्राविधिक सहायक | ५ औ | शिक्षा | शि.प्र | १ | १ |
| ११. | हे.अ. | ५/६ औ | स्वास्थ्य | हे.इ. | १ | १ |
| १२. | सब-इन्जिनियर | ५ औ | इन्जि. | सिभिल | १ | १ |
| १३. | अ.सब.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | १ | १ |
| १४. | स.म.वि.नि. | चौथो | विविध | | १ | १ |
| १५. | खा.पा.स.टे. | चौथो/पाँचौ | सिभिल | स्यानिटरी | १ | १ |
| १६. | अधिकृत | ७औ ८/ | नेपाल कृषि सेवा | कृषि | १ | १ |
| १७. | सहायक पाँचौ | ५६/ | नेपाल कृषि सेवा | कृषि | २ | २ |
| १८. | सहायक चौथो | ४५/ | नेपाल कृषि सेवा | कृषि | १ | १ |
| १९. | अधिकृत | ७८/ | नेपाल कृषि सेवा | लापोडेडे | १ | १ |
| २०. | प.स्वा.प्रा | ५ | नेपाल कृषि सेवा | भेट समुह | १ | १ |
| २१. | प.से.प्रा. | ५ | नेपाल कृषि सेवा | लापोडेडे | १ | १ |
| २२. | ना.प.स्वा.प्रा. | ४ | नेपाल कृषि सेवा | भेट समुह | १ | १ |

| क्र.स. | पद | तह/श्रेणी | सेवा | समुह | स्वीकृत दरबन्दी | बाकी पद |
|---|---|---|---|---|---|---|
| २३. | **कार्यालय तर्फ जम्मा** | | | | २७ | २६ |
| २४. | | | | | | |
| २५. | सहायक | ५ औ | प्रशासन | सा.प्र. | ३ | ३ |
| २६. | सब-इन्जिनियर | ५ औ | इन्जि. | सिभिल | ३ | ३ |
| २७. | सहायक | चौथो | प्रशासन | सा.प्र. | ४ | ४ |
| २८. | अ.सब.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | ४ | ४ |
| २९. | **वडा कार्यालय तर्फ जम्मा** | | | | १४ | १४ |
| ३०. | **कुल जम्मा** | | | | ४१ | ४० |

*स्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय*

**गाउँपालिका र वडा कार्यालयमा हाल कार्यरत कर्मचारी जनशक्ति**

| क्र.स. | नाम थर | पद |
|---|---|---|
| १. | लोकहरी थापा | प्रमुख प्रशासकीय अधिकृत |
| २. | डा.प्रियङ्का भट्ट | पशु चिकित्सक |
| ३. | प्रदिप अधिकारी | शिक्षा अधिकृत |
| ४. | प्रताप बुढा | कृषि शाखा प्रमुख |
| ५. | बिमल कोइराला | अधिकृत छैटौ |
| ६. | रेवती रवण निरौला | अधिकृत छैटौ |
| ७. | खड्क बहादुर दशौदी | लेखा प्रमुख |
| ८. | लक्ष्मी बडाल | अधिकृत छैटौ |
| ९. | मिलन शर्मा घिमिरे | सुचना प्रविधि अधिकृत |
| १०. | समिर श्रेष्ठ | स्वास्थ्य शाखा प्रमुख |
| ११. | मुरलिधर घिमिरे | अधिकृति छेटौ |
| १२. | राजकुमार सापकोटा | स्वास्थ्य शाखा सहसंयोजक |
| १३. | प्रदिप कुमार यादव | रोजगार संयोजक |
| १४. | प्रेम कुमार अधिकारी | कानुनी सल्लाहाकार |
| १५. | गिरीराज दाहाल | आन्तरिक लेखा परिक्षक |
| १६. | तुलसी भट्टराई | जिन्सी प्रमुख |

| क्र.स. | नाम थर | पद |
|---|---|---|
| १७. | दिलिप चौधरी | अधिकृत छैटौ |
| १८. | ममता सुब्बा | सहायक पाँचौ |
| १९. | सविन तिमल्सिना | पशु स्वास्थ्य प्राविधिक |
| २०. | दिपक बटला | सब इन्जिनियर |
| २१. | रामशरण सापकोट | प्राविधिक सहायक |
| २२. | विवेचना बिष्ट | ना.प.स्वा.प्रा. |
| २३. | माधव चौरेल | MIS Operator |
| २४. | रमेश घिमिरे | ना.प.स्वा.प्रा. |
| २५. | अनुकुल भण्डारी | ना.प.स्वा.प्रा. |
| २६. | अम्बा वास्तोला आचार्य | महिला विकास निरिक्षक |
| २७. | विष्णुदेव ठाकुर | सब-ईन्जिनियर |
| २८. | राधिका मुखिया | सब-ईन्जिनियर |
| २९. | सत्य कार्की | कानुनी सहजकर्ता |
| ३०. | सरिता बिष्ट | वडा सचिव |
| ३१. | सचिना ज्ञामी मगर | सहायक पाँचौ |
| ३२. | राजु थापा | सहायक चौथो |
| ३३. | रमेश तिमल्सिना | सहायक चौथो |
| ३४. | मुकुन्द पोखरेल | अ.सब.ईन्जिनियर |
| ३५. | दिपक गुरुङ | अ.सब.ईन्जिनियर |
| ३६. | ज्योती के.सी. | सहायक चौथो |
| ३७. | रामबाबु कोक्तान | सहायक चौथो |
| ३८. | विनोद दाहाल | कार्यालय सहयोगी |
| ३९. | अनिता बस्नेत | कार्यालय सहयोगी |

### ३.११ मानव संसाधन  पुर्वाधार संसाधनको क्षमता विकास लेखाजोखा

यस क्षमता विकास योजना तयार गर्ने क्रममा क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ को अनुसूचि ८, र ९ अनुसार बागमती  गाउँपालिका को वर्तमान मानव संशाधनको शाखागत रूपमा क्षमता लेखाजोखा गरिएको थियो।यसरी लेखाजोखा गर्दा शाखाहरुले कार्य विवरण अनुसार सम्पादन गर्नुपर्ने कामहरु सञ्चालन भैरहेको भएतापनि पर्याप्त जनशक्ति र आवश्यक क्षमता विकासका संग सम्वन्धित विद्यमान ज्ञान, सिप र दक्षताको स्तर मध्यम रहेको पाइएको थियो भने कार्यक्रमहरुको कमीले गर्दा सेवा प्रवाह अपेक्षा अनुरुप हुन सकेको छैन।गाउँपालिकाले कर्मचारीहरुको ज्ञान, सीप र दक्षता वृद्धिकालागी समग्र कर्मचारीका लागी उपयुक्त हुने र शाखाहरुका लागी छुट्टै आवश्यक पर्ने विषयगत दक्षताका लागी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने

देखिन्छ।त्यसैगरि गाउँपालिकाको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा गर्दा क्षमता विकासका क्षेत्र र त्यस अन्तरगत गरिनु पर्ने प्रशिक्षण/ अभिमुखीकरण, अन्तरक्रिया तथा अन्य क्षमता विकासका क्रियाकलाप हरुको पहिचान गरिएको थियो।क्रियाकलाप पहिचान पश्चात कार्यक्रम किन आवश्यक परेको हो ? र कसका लागी तय गर्ने भन्नेवारे पनि छलफल गरिएको थियो।यसरी छलफल गर्दा अपेक्षित उपलव्धि, समय सिमा पनि निर्धारण गरिएको थियो जसको विस्तृत विवरण तलका तालिकाहरुमा राखिएको छ।

१. मानव संसाधन अवस्था विश्लेषण

| पदीय जिम्मेवारी वा पद | सम्पादन गर्नु पर्ने प्रमुख कार्य | कार्य सम्पादनको विद्यमान अवस्था ज्ञान, सीप, क्षमता | कार्य सम्पादनमा देखिएको अन्तराल (GAP) | कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम ज्ञान, सीप, क्षमता | क्षमता विकासको क्षेत्र मानव संशाधन वा संस्थागत वा प्रणालीगत |
|---|---|---|---|---|---|
| **गाउँपालिका अध्यक्ष** | सभाको कार्य सूची, बैठक आह्वान र निर्णय कार्यान्वयन गर्ने गराउने | • प्रत्येक महिनामा कम्तिमा पनि २ पटक गाउँ कार्यपालिकाको बैठक बस्ने गरेको<br>• वार्षिक बजेट तथा कार्यक्रम समयमै पेश गरेको जस्तै आ.व. २०८२/८३ को बजेट असार १० गते पेश भएर पारित भएका | • आन्तरिक आयको हिंस्सा बढ्न नसकेको<br>• योजना प्रगति समिक्षाको लागि स्थानीय विकास समस्या समाधान समिति गठन नभएको । | बजेट तर्जुमा र प्रगति समीक्षा सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम | मानव संशाधन |
| | कानुन निर्माण सम्बन्धी | • गाउँपालिकाको सुसञ्चालनको लागि करिब ६० वटा ऐन लगायत निर्देशिका, नियमावली, कार्यविधि समेत गरी ७३ वटा नमूना कानून जारी गर्नु पर्नेमा | • सेवा प्रवाह तथा स्थानीय विकास सम्बन्धमा बाँकी कानुन निर्माण नभएको<br>• कानुन तर्जुमा गर्न विज्ञ जनशक्ति | कानुन निर्माण सम्बन्धी प्रशिक्षण | मानव संशाधन संस्थागत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | हालसम्म ऐन, नियम, निर्देशिका र कार्यविधि जारी भएको | नभएको | | |
| | प्रशासकीय तथा आर्थिक व्यवस्था सम्बन्धी | • गाउँपालिका, वडा समितिहरु आदिको दैनिक कार्यको रेखदेख पालिकाबाट गर्नुपर्ने सिफारिसहरु भएको<br>• सार्वजनिक सेवा प्रवाह सम्बन्धी गुनासो व्यवस्थापन सम्बन्धमा नगर प्रमुखबाट प्रचलित कानुन बमोजिम कार्य भइरहेका | | सुशासन, नेतृत्व विकास लगायत व्यबस्थापनका नविनतम् आयाम सम्बन्धी प्रशिक्षण | मानव संशाधन |
| **पदीय जिम्मेवारी वा पद** | **सम्पादन गर्नु पर्ने प्रमुख कार्य** | **कार्य सम्पादनको विद्यमान अवस्था ज्ञान, सीप, क्षमता** | **कार्य सम्पादनमा देखिएको अन्तराल (GAP)** | **कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम ज्ञान, सीप, क्षमता** | **क्षमता विकासको क्षेत्र मानव संशाधन वा संस्थागत वा प्रणालीगत** |

| | | | | | |
|---|---|---|---|---|---|
| **उपाध्यक्ष** | • विभिन्न समितिको संयोजक भई काम गर्ने<br>• अनुगमन समितिको संयोजक भई काम गर्ने | • न्यायीक समितिको संयोजक भई काम गरेको।न्यायीक समितिको प्रतिवेदन समय भित्रै पेश भएको<br>• राजस्व परामर्श समितिको संयोजक भइ काम गरेको<br>• बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक भइ काम गरेको | सबै योजनको अनुगमन हन नसकेको | • विकास आयोजनाको अनुगमन तथा मुल्यांकनका विषयक सीपमलूक क्षमता विकास कार्यक्रम<br>• समन्वय तथा निर्णय प्रकृया सम्बन्धी कार्यविधि | मानव संशाधन प्रणालीगत |
| **वडा अध्यक्ष** | • वडा समितिको समन्वयकर्ता भई काम गर्ने<br>• स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयन, अनुगमन र | • वडाको हकमा गते र गते बैठक बस्ने गरेको<br>• वडा सचिवको अभावमा अन्य शाखाका कर्मचारीलाई वडा सचिवको जिम्मेवारी दिइएको | • दक्ष कर्मचारीको अभावमा गुणस्तरीय कार्यमा बाधा पुगेको<br>• योजना कार्यान्वयन, अनुगमन र समीक्षाको कार्य दक्षतामा कमी | योजना कार्यान्वयनमा गुणस्तरीयता अभिवृद्धि सम्बन्धी आधारभूत तालिम | मानव संशाधन |

| | | | | | |
|---|---|---|---|---|---|
| | समीक्षा<br>• सफारिस तथा प्रमाणित गर्ने | • नागरिक वडापत्रमा उल्लेख भए बमोजिमको सिफारिस तथा प्रमाणित गर्ने कार्य निरन्तर भइरहेको | भएको | | |
| **कार्यपालिका सदस्य** | • विषयगत क्षेत्रको संयोजक रहने सम्बन्धी<br>• कार्यपालिकाले तोकेको कार्य सम्बन्धी | | | संयोजनको अबधारणा र संयोजकको भूमिका सम्बन्धमा सीपमुलक ताली | मानव संशाधन |
| **पदीय जिम्मेवारी वा पद** | **सम्पादन गर्नु पर्ने प्रमुख कार्य** | **कार्य सम्पादनको विद्यमान अवस्था ज्ञान, सीप, क्षमता** | **कार्य सम्पादनमा देखिएको अन्तराल (GAP)** | **कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम ज्ञान, सीप, क्षमता** | **क्षमता विकासको क्षेत्र मानव संशाधन वा संस्थागत वा प्रणालीगत** |
| **प्रमुख प्रशासकीय अधिकृत** | • निर्णय कार्यान्वयन सम्बन्धी<br>• योजना, सार्वजनिक खरिद | • सबै प्रकारका बैठकहरु समयमै बोलाइ संचालन गर्ने गरेको<br>• नगरसभा सम्पन्न गरेको, खर्च गर्ने अख्तियारी | • आर्थिक विवरणको तयारीमा NPSAS को प्रयोग नगरेको | NPSAS सम्बन्धी सीप विकास तालिम<br><br>लेखापरीक्षण तथा बेरुजु फछ्र्यौट सम्बन्धी उत्प्रेरणात्मक प्रशिक्षण<br><br>सार्वजनिक खरिदसम्बन्धी आधारभूत्त तालीम | मानव संशाधन |

| | | | | | |
|---|---|---|---|---|---|
| | आर्थिक प्रशासन तथा लेखा परीक्षण सम्बन्धी<br>• अनुगमन, मुल्यांकन सम्बन्धी | प्राप्त गरी बजेट कार्यान्वयन गरेको, आर्थिक कारोवारको अभिलेख राख्न लगाएको,<br>• कार्यपालिकाको प्रतिनिधित्व गरी अन्तर सरकारी निकायको बैठकमा भाग लिने गरेको | • आलेप तथा मलेपका बेरुजुहरु लक्ष्य निर्धारण गरी फछ्र्यौट नगराएको<br>• खरिदको गुरुयोजना तथा योजना नबनाएको | | |
| **२. विषय गत शाखाहरु** | | | | | |
| **प्रशासन योजना तथा अनुगमन शाखा** | • आवद्यिक योजना तयार गर्ने<br>• सार्वजनिक सुनुवाईको व्यवस्था गर्ने<br>• सामाजिक परिक्षण गर्ने | • आवधिक योजना तयार भएको<br>• आ.व.०८१/०८२ मा समयमा सार्वजनीक सुनुवाइ भएको<br>• सेवाग्राही सन्तुष्टि सर्भेक्षण विगत १ वर्षमा | • सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षण निर्धारित समयमा नभएको<br>• पदाधिकारीको आचार संहिता | • आवधिक योजना र मध्यमकालिन खर्च संरचना सम्बन्धी प्रशिक्षण<br>• सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षणको ढाँचा निर्धारण<br>• पदाधिकारीको आचार संहिताको तर्जूमा | मानब संशोधन प्रणालीगत |

| | | | | | |
|---|---|---|---|---|---|
| | • O and M Survey गरी गाउँपालिकाको संरचना चुस्त दुरुस्त बनाउने<br>• कर्मचारीको कार्यविवरण तयार गर्ने । | नभएको<br>• पालिकाको कूल स्वीकृत दरबन्दी मध्ये पदहरु रिक्त रहेको<br>• कर्मचारीको हकमा संघीयता निजामती आचार संहिता लागु भएको | नबनेको योजना तथा बजेट तर्जुमा दिग्दर्शन तयार नभएको<br>• मध्यमकालिन खर्च संरचना तयार नभएको<br>• O and M Survey नभएको | | |
| **पदीय जिम्मेवारी वा पद** | **सम्पादन गर्नु पर्ने प्रमुख कार्य** | **कार्य सम्पादनको विद्यमान अवस्था ज्ञान, सीप, क्षमता** | **कार्य सम्पादनमा देखिएको अन्तराल (GAP)** | **कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम ज्ञान, सीप, क्षमता** | **क्षमता विकासको क्षेत्र मानव संशाधन वा संस्थागत वा प्रणालीगत** |
| **पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा** | • भवन सम्बन्धी मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन<br>• वातावरण, सरसफाई तथा विपद् वस्थापन | • एकीकृत बस्ती विकास योजना तयार नभएको<br>• बिपद जोखिम न्यूनीकरण तथा व्यबस्थापन ऐन, २०७६ कार्यान्वयनमा आएको<br>• निमार्ण व्यबसायी इजाजत सम्बन्धी कार्यविधि, २०७६ | • नक्सा पास कार्यविधि नभएको<br>• सार्वजनिक नीजि साझेदारी नीति तयार नभएको<br>• घरेलु सौर्य उर्जा प्रणाली अनुदान कार्यविधि नभएको | • सार्वजनिक नीजि साझेदारी नीतिको तयारी<br>• एकिकृत बस्ती विकास कार्यविधिको तयारी | संस्थागत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कार्यान्वयनमा नल्याएको । | | | |
| **स्वास्थ्य तथा सामाजिक विकास शाखा** | • वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको लागि वित्तिय साक्षरता र सीपमुलक तालिम संचालन गर्ने<br>• बेरोजगारीको तथ्यांक संकलन गर्ने | • स्थानीय स्वास्थ्य तथा सरसफाइ ऐन कार्यान्वयनमा रहेको<br>• सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन कार्यान्वयनमा रहेका<br>• एम्बुलेन्स संचालनमा आएको | • एम्बुलेन्स संचालन सम्बन्धी कार्यविधि नभएको<br>• गैरसरकारी संस्थासँग साझेदारी तथा सहकार्य नभएको<br>• अस्पताल निर्माण नभएको | • सरसफाई र गुणस्तरीय कार्य सम्बन्धी चेतानमूलक अभिमुखीकरण कार्यक्रम<br>• गैरसरकारी स्वास्थ्य संस्थासँग साझेदारी तथा सहकार्य सम्बन्धी कार्यविधी | मानब संसाधन प्रणालीगत |
| **शिक्षा युवा तथा खेलकुद शाखा** | • बालविकास, आधारभूत शिक्षा, अनौपचारिक शिक्षा, विशेष शिक्षा सम्बन्धी<br>• विद्यालयहरुको जग्गा तथा सम्पत्ति व्यवस्था | • शिक्षक दरबन्दी मर्ज तथा मिलान नगरेको<br>• सामुदायिक बिद्यालयको शिक्षक दरबन्दी मिलान नगरेको<br>• सामुदायिक विद्यालयमा जाने अनुदान तथा बजेटको व्यवस्थापन, | • सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरुलाई प्रदान गरिने अनुदान सम्बन्धी कार्यविधि नभएको<br>• पालिकामा कृषि, | • अतिरिक्त शैक्षिक क्रियाकलापको संचालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम<br>• प्रधानाध्यापकहरुका लागि नेतृत्व विकास, सार्वजनिक खरिद एवम् लेखापालन सम्बन्धी प्रशिक्षण | मानब संसाधन प्रणालीगत |

| | | | | | |
|---|---|---|---|---|---|
| | अभिलेख | लेखा अनुशासन, अनुगमन र नियमन गर्ने गरेको | पशु, होटल ब्यबस्थापन तथा इन्जिनियरिङ्ग बिषयको शिक्षणको आबस्यकता | | |
| **पदीय जिम्मेवारी वा पद** | **सम्पादन गर्नु पर्ने प्रमुख कार्य** | **कार्य सम्पादनको विद्यमान अवस्था ज्ञान, सीप, क्षमता** | **कार्य सम्पादनमा देखिएको अन्तराल (GAP)** | **कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम ज्ञान, सीप, क्षमता** | **क्षमता विकासको क्षेत्र मानव संशाधन वा संस्थागत वा प्रणालीगत** |
| **आर्थिक प्रशासन शाखा** | • आय व्ययको सार्वजनिकीकरण गर्ने<br>• अन्तिम लेखा परीक्षणको प्रतिवेदन<br>• एकिकृत आर्थिक बिवरणको तयारी | • मासिक रुपमा आय व्ययको सार्वजनिकीकरण गर्ने गरेको<br>• एकीकृत सम्पत्ति विवरणको लागि सप्mटवेयर तयार भएको<br>• राजस्व सधार कार्ययोजना बन्ने क्रममा रहेको | • बेरुजु फछ्र्यौट एवं फरफारक सन्तोषजनक नभएको<br>• आर्थिक बिबरणको तयारीमा NPSAS को प्रयोग नगरेको | • बेरुजु फछ्र्यौट कार्य योजना तथा तालिकाबद्ध कार्यको तर्जुमा<br>• लेखा समिति कार्य सञ्चालन नियमावलीको तर्जुमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| **कृषि तथा पशु विकास शाखा** | • बीउ बिजन, मलखादको आपूर्ति र नियमन<br>• कृषकहरुको क्षमता अभिवृद्धि<br>• प्रांगारिक खेती तथा मलको प्रवर्द्धन एवं प्रचारप्रसार | | • कृषि कार्यक्रम संचालन तथा अनुदान सम्बन्धी कार्यविधि नभएको<br>• बीउ बिजन, मलखाद, रसायन तथा औषधी र नियमन सम्बन्धी कार्यविधि नभएक | • प्रांगारिक खेती तथा मल सम्बन्धी सीपमुलक तालिम<br>• बीउ बिजन, मलखाद तथा औषधी सम्बन्धी नियमन कार्यविधिको तर्जुमा | मानब संसाधन प्रणालीगत |
| **आन्तरिक लेखा परिक्षण इकाइ** | • गाउँपालिकाको आर्थिक कारोवारको आन्तरिक लेखा परीक्षण गर्ने<br>• अन्तिम लेखा परीक्षणको लागि लेखा श्रेस्तालाई दुरुस्त राख्न लगाउने। | • आन्तरिक लेखा परीक्षणको लागि छुट्टै कर्मचारी व्यवस्था भएको | • आन्तरिक लेखा परीक्षण दिग्दर्शन नभएको | • आन्तरिक लेखा परीक्षण दिग्दर्शनको तयारी<br>• आन्तरिक लेखापरीक्षण सम्बन्धित कर्मचारीहरुको पेशागत विकास कार्यक्रम | प्रणालीगत मानब संशाधन |

| | | | | | |
|---|---|---|---|---|---|
| **अन्य कार्य** | | | | | |
| **स्थानीय अभिलेख व्यवस्थापन** | ● व्यक्तिगत घटना जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाई सराईको अभिलेख | ● व्यक्तिगत घटना दर्ता अभिलेख | ● नवीनतम प्रविधिको आधारमा सम्पन्न योजना तथा सार्वजनिक सम्पत्तिको ढाँचागत रुपमा अभिलेख | ● स्थानीय अभिलेखको लागि नीति र मापदण्डको तर्जुमा | प्रणालीगत |
| **जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिको व्यवस्थापन** | ● जेष्ठ नागरिक, अनाथ, असहाय लगायतका लागि सेवा र आश्रय केन्द्रको संचालन गर्ने | | ● जेष्ठ नागरिक, अनाथ, असहाय लगायतका लागि सेवा र आश्रय केन्द्रको संचालन नभएको | ● जेष्ठ नागरिक अनाथ, असहाय लगायतको लागि आश्रय केन्द्रको स्थापना | संस्थागत |

## ३. संस्थागत विशलेषण

### ३.१ संस्थागत क्षमता स्वमुल्याङ्कनका आधार

| सूचक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|
| **जम्मा** | **100** | |
| **शासकीय प्रवन्ध** | **9** | |
| सभाको सञ्चालन प्रक्रिया (स्थानीय ससरकार सञ्चालन ऐनको दफा १९) | 1.00 | |

| सूचक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|
| कार्यपालिकाको निर्णय प्रक्रिया (स्थाससंऐ दफा १७) | 1.00 | |
| सभा। कार्यपालिकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका, कार्याविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकीकरण (स्थाससंऐ दफा १०को ३, नेपालको संविधानको धारा २७, सूचनाको हक) | 1.00 | |
| सभा र कार्यपालिकाका समिति/उप-समिति सञ्चालन सम्बन्धी कार्यविधि (स्थाससंऐ दफा १४, ४६, ६५, ६६,६७) | 1.00 | |
| कार्यपालिकाको बैठक सञ्चालन (बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्यसूची उपलब्ध गराउने, गणपूरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा असहमति आदि) (स्थाससंऐ दफा १७) | 1.00 | |
| आन्तरिक नियन्त्रण प्रणाली (स्थाससंऐ दफा ७८) | 1.00 | |
| स्थानीय तहका पदाधिकारी हरुको सम्पत्ती  विवरण (स्थाससंऐ दफा ११०) | 1.00 | |
| मूल्याङ्कन अवधिमा बसेको कार्यपालिकाको बैठक संख्या (स्थाससंऐ दफा १७, बैठककार्य सञ्चालन नियमावली) | 1.00 | |
| लेखा प्रणालीमा SUTRA को प्रयोग (स्थाससंऐ दफा ७२) | 1.00 | |
| **संगठन तथा प्रशासन** | **8** | |
| गाउँ/गाउँपालिकाको क्षमता विकास ।(स्थाससंऐ को दफा १०२ | 1.00 | |
| प्रतिवेदन तथा विवरण प्रेषण।(स्थाससंऐ दफा ७६ (५) र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, दफा ३(३)) | 1.00 | |
| विषयगत विभाग।महाशाखा शाखा/ उपशाखा/एकाइहरु एवं जनशक्तिको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण। (स्थाससंऐ दफा ८अनुसार) | 1.00 | |
| स्थायी पदपूर्ती नगर्ने भनिएका पदहरुमा करारबाट मात्र पदपूर्ति। (ऐनको दफा ८को उपदफा ८,९) | 1.00 | |
| कर्मचारीहरुको कार्य सम्पादन सम्झौता। (स्थाससंऐ दफा १०कोअनुसार) | 1.00 | |
| जनशक्ति क्षमता विकासमा लगानी (स्थाससंऐ दफा १०कोअनुसार वनेको कार्यविधि) | 1.00 | |
| प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति दिन (आफ्नो क्षेत्रभित्र काजमा रहेको अवधी समेत) | 1.00 | |

| सूचक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|
| (स्थाससंऐ दफा ८अनुसार को कार्य सम्पादन प्रभावकारिता) | | |
| क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता।(स्थाससंऐ को दफा१० को अनुसार वनेको कार्यविधि) (यस दफामा पदाधिकारी भन्नाले गाउँ।नगर सभाका सदस्यहरूलाई बुझाउनेछ।गणना गर्दा पदाधिकारी र कर्मचारीहरूको छुट्टाछुट्टै गणना गर्नुपर्नेछ।) | 1.00 | |
| **वार्षिक बजेट तथा योजना व्यवस्थापन** | **11** | |
| वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजना तर्जुमा।(स्थाससंऐ को दफा २अनुसार) | 1.00 | |
| बजेट तथा कार्यक्रम तर्जुमा र पारित गर्ने कार्यमा संबद्ध समिति र समन्वय( स्थाससंऐ को दफा ६५, ६६ र ६७) | 1.00 | |
| दीगो विकासका लक्ष्यहरुको स्थानीयकरण (स्थाससंऐ को दफा २अनुसार ) | 1.00 | |
| विषयक्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण (स्थाससंऐ को दफा ६६ को अनुसार) | 1.00 | |
| बजेट प्रस्तुती तथा स्वीकृति (स्थाससंऐ को दफा ७अनुसार) | 1.00 | |
| गैरसरकारी सङ्घ संस्थाहरुले गाउँ/नगर सभाबाट पारित गरी योजना कार्यान्वयन (स्थाससंऐन दफा २५) | 1.00 | |
| कूल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा।(असविव्यऐदफा ८ अनुसार राजस्वको क्षमता) | 1.00 | |
| पाँच लाख भन्दा कम लागतका योजनाले कूल पूँजीगत बजेटको ओगटेको हिस्सा (वजेट तथा कार्यक्रम तर्जुमाको मार्गदर्शन) | 1.00 | |
| वार्षिक आन्तरिक आय बृद्धि गत वर्षको तुलनामा (असविव्यऐ दफा ८ अनुसार राजस्वको क्षमता) | 1.00 | |
| गैसस मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा | 1.00 | |
| समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि बिनियोजित बजेट (असविव्यऐदफा १०) | 1.00 | |
| **वित्तीय एवम् आर्थिक व्यवस्थापन** | **11** | |
| आन्तरिक स्रोत (स्थाससंऐन दफा ६५) | 1.00 | |
| वित्तिय अनुशासन (असविव्यऐपरिच्छेद ८, दफा २५ देखि ३२) | 1.00 | |
| आय व्ययको वर्गीकरण तथा लेखाङ्कनका लागि नेपाल सरकार द्वारा निर्धारित पद्धति र ढाँचाको प्रयोग | 1.00 | |

| सूचक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|
| (असविव्यऐ, दफा ३२) | | |
| आय र व्ययको विवरण सार्वजनिकीकरण (असविव्यऐदफा ३०) | 1.00 | |
| प्रचलित कानुन अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयारी र कार्यान्वयन (सा | 1.00 | |
| वार्षिक बजेट कार्यान्वयनको प्रगति समीक्षा (स्थाससंऐन दफा ७को ६) | 1.00 | |
| रकमान्तर (स्थाससंऐन दफा ७९) | 1.00 | |
| प्रशासनिक खर्च (स्थाससंऐन दफा ७अनुसारको आय व्यय अनुमान अनुसार) | 1.00 | |
| पूँजीगत खर्च (स्थाससंऐन दफा ७अनुसारको आय व्यय अनुमान अनुसार) | 1.00 | |
| राजस्व सङ्कलन (स्थाससंऐन दफा ७१) | 1.00 | |
| ५ खर्च गर्ने अख्तियारी (स्थाससंऐन दफा ७३) | 1.00 | |
| **सेवा प्रवाह** | **16** | |
| सेवा प्रवाह (स्थाससंऐनदफा११) | 1.00 | |
| वडाले उपलब्ध गराउने सेवा (स्थाससंऐनदफा१२) | 1.00 | |
| सेवा प्रतिको सन्तुष्टी (स्थाससंऐनदफा ११,१को काम) | 1.00 | |
| सेवा प्रवाहमा प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेसन वा कम्प्युटर विलिङ प्रविधिको प्रयोग (स्थाससंऐनदफा१को उपदफाको ङ १) | 1.00 | |
| सेवा प्रवाहको मापदण्ड (SOP) (स्थाससं ऐन दफा १को उपदफाको ङ १) | 1.00 | |
| बैंकिंग प्रणालीबाट भुक्तानी (स्थाससं ऐन दफा१को उपदफाको ङ ७) | 1.00 | |
| वडामा सेवा प्रवाहको वैकल्पिक व्यवस्था (स्थाससंऐन१६को उपदफा को ग को ६ र दफा१८ को उपदफा ३) | 1.00 | |
| गुनासो फछर्यौट (स्थाससं ऐन दफा १को उपदफाको ङ ७) | 1.00 | |
| सामाजिक सुरक्षा भत्ता बैङ्क खाता मार्फत भुक्तानी (स्थाससंऐन दफा१को उपदफाको त २) | 1.00 | |
| जन्मेको मितिले ३५ दिनभित्र भएको कूल जन्मदर्ता संख्या (स्थाससंऐ दफा १को उपदफा ४) | 1.00 | |
| सार्वजनिक सुनुवाइ (स्थाससंऐ दफा ७८ को उपदफा ५) | 1.00 | |

| सूचक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|
| ५ सेवा प्रवाहमा घुम्ती सेवाको प्रयोग (स्थाससंऐ दफा१को उपदफाको ङ ७) | 1.00 | |
| ६ शिक्षामा सबै बालबालिको पहुँच (स्थाससंऐ दफा१को उपदफाको ज) | 1.00 | |
| ७ स्वास्थ्य सेवामा नागरिकको पहुँच (स्थाससंऐ दफा१को उपदफाको झ) | 1.00 | |
| ८ कृषि र पशु सेवा (स्थाससंऐ दफा १को उपदफाको ण र द) | 1.00 | |
| ९ स्थानीय उत्पादनको प्रर्वधन र बजारीकरण (स्थाससंऐ दफा१को उपदफाको ण ७) | 1.00 | |
| **न्यायिक कार्य सम्पादन** | **7** | |
| न्याय सम्पादन (स्थाससंऐन दफा ४६ को उपदफा १, दफा ४९ को उपदफा १२) | 1.00 | |
| मेलमिलाप कर्ताको व्यवस्था (स्थाससंऐन दफा ४९ को उपदफा ३) | 1.00 | |
| न्यायिक समितिको निर्णय प्रकृया (स्थाससंऐन दफा ४९) | 1.00 | |
| न्यायिक समितिको प्रतिवेदन प्रणाली (स्थाससंऐन दफा ५को उपदफा २) | 1.00 | |
| उजूरी फर्छयौट। (स्थाससंऐन दफा ४९ को उपदफार ४) | 1.00 | |
| न्यायिक समितिको निर्णय उपर पुनरावेदन (स्थाससंऐन दफा ५१) | 1.00 | |
| मेलमिलाप केन्द्र गठन (स्थाससंऐन दफा ४९ को उपदफा १०) | 1.00 | |
| **भौतिक पूर्वाधार** | **13** | |
| सडक यातायात गुरूयोजना अनुसार सडक पूर्धाधार निर्माण | 1.00 | |
| जोखिम संवेदनशील भूउपयोग योजना (स्थाससंऐन, २०७को दफा २७ | 1.00 | |
| भौतिक पूर्वाधार विकासमा सार्वजनिक- निजी साझेदारी नीति (स्थाससंऐन, २०७को दफा २४ | 1.00 | |
| बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार (स्थाससंऐन, २०७४ को दफा २४ को उपदफा २) | 1.00 | |
| निर्मित पूर्वाधारको उपयोग र दिगो व्यवस्थापन (स्थाससंऐन, २०७को दफा २को उपदफा ३) | 1.00 | |
| आयोजनाको वातावरणीय अध्ययन- संक्षिप्त, प्रारम्भिक वातवरणीय प्रभाव मूल्याङ्कन (IEE) र वातावारणीय प्रभाव मूल्याङ्कन ( EIA ) (स्थाससंऐन, २०७को दफा २को उपदफा २) | 1.00 | |
| राष्ट्रिय भवनसंहिता र मापदण्ड (स्थाससंऐन, २०७४ को दफा ४३ को उपदफा १) | 1.00 | |

| सूचक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|
| सडकको विस्तार (स्थाससंऐन, २०७४ को दफा ११ को उपदफा ट १,५) | 1.00 | |
| सडकको स्तर उन्नति (स्थाससंऐन, २०७को दफा १को उपदफाको ट १,५) | 1.00 | |
| खानेपानी सेवा विस्तार (स्थाससंऐन, २०७४ को दफा ११ को उपदफा २ को ध १, सोही दफाको उपदफा ४ को ग २, दफा १२ को उपदफा २ को ग १०) | 1.00 | |
| वार्षिक योजनाको कार्यान्वयन स्थिति (स्थाससंऐन २०७४ को दफा ७१ को उपदफा २ विवरणमा चालु आ.व. को प्रगतिको अनुमान समेत पेश गर्नु पर्ने) | 1.00 | |
| फोहोर मैला व्यवस्थापन (स्थाससंऐन, २०७को दफा १को उपदफाको ग ११) | 1.00 | |
| औद्योगिक पूर्वाधार (स्थाससंऐन, २०७को दफा ११) | 1.00 | |
| **सामाजिक समावेशीकरण** | **10** | |
| सामाजिक विभेदको न्यूनीकरण (संविधानको धारा १८, समानताको हक) | 1.00 | |
| समानुपातिक सहभागिता (स्थाससंऐन, २०७को दफा १११) | 1.00 | |
| सामाजिक सुरक्षा तथा संरक्षण (स्थाससंऐन, २०७को दफा १उपदफात) | 1.00 | |
| घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान (स्थाससंऐन, २०७को दफा १उपदफाको ग ३०) | 1.00 | |
| बालश्रम, बाल विवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथासँग सम्बन्धित कार्यहरु (स्थाससंऐन, २०७को दफा १उपदफाको ग ३०) | 1.00 | |
| लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण उत्तरदायी बजेट परीक्षण (GESI Audit) (स्थाससंऐन, २०७को दफा २उपदफा को छ) | 1.00 | |
| महिला विरुद्ध हुने घरेलु हिंसाको घटनामा कमी (अघिल्लो आ.व) | 1.00 | |
| बालश्रम, बालविवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथा रोकथामका लागि तर्जुमा गरिएका कार्यक्रममा लगानी (सशर्त अनुदान बाहेक बाँकी वजेटको) | 1.00 | |
| महिला/दलित/अपाङ्ता भएका व्यक्ति संयोजक/ अध्यक्ष भएको उपभोक्ता समितिहरुको सङ्ख्या (कूल गठीत | 1.00 | |

| सूचक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|
| उपभोक्ता समितिको) | | |
| आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानमा गरिने लगानी (सशर्त अनुदान बाहेक बाँकी वजेटको) | 1.00 | |
| **वातावरण संरक्षण तथा विपद व्यवस्थापन** | **9** | |
| विपद् व्यवस्थापन (स्थाससंऐन, २०७को दफा ११उपदफाको न) | 1.00 | |
| वातावरणीय प्रदूषण नियन्त्रण (जल, भूमि, ध्वनी, वायु र खाद्य) (स्थाससंऐन, २०७को दफा ११उपदफा को ङ १,२र २६) | 1.00 | |
| वातावरणमैत्री पूर्वाधार | 1.00 | |
| विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन (स्थाससंऐन, २०७को दफा ११उपदफाको न ४) | 1.00 | |
| वातावरणीय क्षेत्र प्रवर्द्धनमा बजेट विनियोजन | 1.00 | |
| वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गै | 1.00 | |
| स्थानीय विपद् व्यवस्थापन कोषमा बजेट विनियोजन र खर्च (वार्षिक रूपमा) | 1.00 | |
| टोल विकास संस्था/ स्थानीय तहमा सामुदायिक संस्था गठन तथा सञ्चालन | 1.00 | |
| एम्बुलेन्स, अग्नी नियन्त्रण जस्ता आकस्मिक सेवाहरुको उपलब्धता | 1.00 | |
| **सहकार्य र समन्वय** | **6** | |
| संघ, प्रदेश र स्थनीय तह बीचको सहकार्य र समन्वय (नेपालको संविधानको धारा २३५) | 1.00 | |
| अन्तर स्थानीय तह सहकार्य र समन्वय (प्राकृतिक श्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फौहोरमैला व्यवस्थापन, आपतकालीन सेवा व्यवस्थापन,राजश्व सङ्कलन आदि) (स्थाससंऐन, २०७को दफा २६) (सहलगानीका योजनाहरू : ल्याण्डफिल साईट, अग्नी नियन्त्रण, सडक हरियाली, प्लाष्टिक नियन्त्रण, स्वास्थ्य शिक्षा, रंगशाला, खेलकुद, पर्यटन, बोटानिकल गार्डेन, नदी नियन्त्रण, सिंचाई, खानेपानी आदी) | 1.00 | |
| दुई वा सो भन्दा बढी स्थानीय तहको सरोकारको विषयमा बन्ने समितिहरुको गठन र सञ्चालन (स्थाससंऐन, | 1.00 | |

| सूचक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|
| २०७को दफा २६ अन्तर्गत) | | |
| अन्तर सरकारी समन्वय तथा सहजीकरण | 1.00 | |
| अन्तर स्थानीय तह साझेदारी | 1.00 | |
| जिल्ला समन्वय समिति सँगको समन्वय | 1.00 | |

**स्रोत:संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय(LISA Nepal)**

## ४. पुर्वाधार विश्लेषण:

| पालिकाको पूर्वाधारको क्षेत्र | विद्यमान पूर्वाधारको अवस्था | अपेक्षित पूर्वाधार | गर्नु पर्ने कार्य वा सुधार |
|---|---|---|---|
| १.गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण सम्पन्न भइ सेवा प्रवाह सुरु भएको छ। | पालिकाको आफ्नै भवन पर्याप्त नभएको, नयाँ भवन निर्माणाधिन अबस्थामा छ। | पालिकाको आफ्नै नयाँ भवन निर्माण सम्पन्न भएपछि सेवा प्रबाहमा सुधारको अपेक्षा गरिएको छ। | सार्वजनिक खरिद प्रक्रिया र करार कर्मचारी व्यबस्थापन सम्बन्धी प्रशिक्षण |
| २.फर्निचरको उपलब्धता | गाउँपालिकाको आफ्नै भवन भएको, तर बनि रहेको भवनमा आवश्यक पर्ने फर्निचर लगायतका अन्य भौतिक बस्तुको अनुमान गर्न नसकिएको | निर्धारित समयमा नै पालिकाको आफ्नै भवन हुनुपर्ने , फर्निचर लगायतका अन्य भौतिक बस्तुको अनुमान गर्न नसकिएको। | सार्वजनिक खरिद प्रक्रिया र करार व्यबस्थापन सम्बन्धी प्रशिक्षण जिन्सी तथा सम्पत्ति व्यबस्थापन सम्बन्धी सीप विकास प्रशिक्षण |

## ५. समिति उपसमितिहरुको अवस्था विश्लेषण

| **संविधान तथा स्थानीय सरकार संचालन ऐनमा दिइएको कार्य जिम्मेवारी** | **कार्य सम्पादनको विद्यमान अवस्था** | **कार्य सम्पादनमा देखिएको अन्तराल (GAP)** | **क्षमता विकासका लागि प्रस्तावित कार्यक्रम** | **क्षमता विकासको क्षेत्र मानव संशाधन वा संस्थागत वा प्रणालीगत** |
|---|---|---|---|---|
| दफा २२ अनुसारको समिति गठन गरी गाउँपालिकाको नगर सभाले आफ्नो कार्य प्रणालीलाई व्यबस्थित गर्न कुनै एक सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत अन्य समिति र विशेष समितिको गठन गर्न सक्नेछ। | • सबै समितिहरु नियमित बैठक बस्ने, र बैठकका निर्णयहरु सबै समयमा कार्यान्वयन हुन नसकेको<br>• समितिहरु एवं संयुक्त समितिहरु गठन भइ परिचालनमा आएका | • सबै समितिहरु नियमित बैठकको आवश्यकता देखिएको<br>• बैठक संचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा नभएको | • बैठकका एजेण्डाको विषयमा कानूनी प्रावधान तथा विषयगत अबधारणाको आधारमा प्रस्तुती गर्न सक्ने क्षमता विकास सम्बन्धी प्रशिक्षण<br>• बैठक संचालन तथा समितिहरुको क्रियाशीलता सम्बन्धी कार्यविधिको तर्जुमा | मानव संशाधन<br><br>मानव संशाधन |
| **स्थानीय राजस्व परामर्श समितिः दफा ६५**<br><br>राजस्व सम्बन्धी नीति ऐन नियम र सो को परिपालना गर्ने, कर, गैरकर आम्दानी, सेवा शुल्क, दस्तुर, आदि बारे निर्णय लिने | • आ.व २०८२/०८३ मा राजस्व परामर्श समितिको वैठकको प्रतिवेदन पेश भएको<br>• विभिन्न कर एवं दस्तुरहरु प्रस्तावित भन्दा कम | • आन्तरिक आय प्रक्षेपण अनुसार आय संकलन गर्न सक्ने दक्ष जनशक्तिको क्षमता कमी भएको | • आन्तरिक आयको बार्षिक प्रक्षेपण बमोजिम संकलन गर्न सक्ने क्षमताको बिकास | मानव संशाधन |

| | | | | |
|---|---|---|---|---|
| | संकलन भएको। | | | |
| दफा ६६ अनुसार स्रोत तथा सिमा निर्धारण समिति<br><br>आन्तरिक आय, राजस्वको बाँडफाँडबाट प्राप्त हुने राजस्व,<br><br>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति दफा ६६<br>आन्तरिक आय, राजस्वको बाँडफाँडबाट प्राप्त हुने राजस्व,<br>वित्तीय हस्तान्तरणबाट प्राप्त हुने। | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन भएको आन्तरिक आय, हस्तान्तरणबाट प्राप्त आय र अनुदानको रकमलाई सन्तुलित रुपमा वितरण | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, राजस्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति जस्ता संयन्त्रहरु क्रियासिल बनाएमा स्रोत अनुमान तथा बजेट सीमाको निर्धारण यथार्थपरक हुने। | —स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलगायत सम्बन्धित कर्मचारीको क्षमता अभिवृद्धि<br><br>—आयोजना, कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने विधिको तर्जुमा | —मानव संशाधन प्रणालीगत— |
| • दफा ६७बजेट तथा कार्यक्रम . तर्जुमा समिति<br>• बजेट सीमा भित्र रही बजेट र कार्यक्रमको प्राथमिकीकरण गर्ने<br>• योजनातथा कार्यक्रममा दोहोरो हुन नदिने<br>• स्थानीय आवश्यकतालाई हेरेर कार्यक्रमको तर्जुमा गर्न। | • बजेट सीमा भित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण र बजेट तथा कार्यक्रमको तर्जुमा गर्ने<br>• स्थानीय आवश्यकताको विचार गरी कार्यक्रमको तर्जुमा गर्ने | बजेट तथा कार्यक्रमको प्राथमिकीकरण विषय क्षेत्रगत रुपमा स्थानीय आवश्कतालाई विचार गरी तर्जुमा गर्ने | • बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने<br>• संरचना र सो को विधिको निर्माण | |

## ३.१२ गाउँपालिका का क्षमता विकासका रणनीतिहरु

बागमती गाउँपालिकाको क्षमता विकास योजना निर्माण गर्दा गाउँपालिका को क्षमता विकास योजना तर्जुमाको अनुसुची २, ३, ५, ८, ९ का फारामहरुका आधारमा गाउँपालिकाको संस्थागत अवस्था विश्लेषण गरिएको थियो। त्यसैका आधारमा सामूहिक छलफल वाट यस योजना कार्यान्वयनका लागि देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गरिने निर्णय गरिएको थियो ।

- कार्य विवरणका आधारमा कार्य सम्पादन गर्ने प्रणालीलाई प्रवर्द्धन गरि पद र क्षमता अनुसारको जिम्मेवारी सुम्पिने पद्धतिलाई विकास गर्ने
- गाउँपालिका कार्यालय, वडा समिति कार्यालय, कर्मचारीहरु तथा सरोकारवालाहरुको संस्थागत विकास, मानव संसाधन, आर्थिक व्यवस्थापन, प्रविधि र कार्य सम्पादन सम्बन्धी कार्यहरु लाइ सुदृढ गर्ने ।
- लैंगिक तथा सामाजिक समावेशिकरण GESI निति प्रतिको बुझाई र कार्यसम्पादनमा सुधार गरि लक्षित वर्गको क्षमता विकास हुने गरी योजना तर्जुमा र कार्यान्वयन गर्ने ।
- वित्तीय व्यवस्थापन, योजना तर्जुमा प्रक्रिया, कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी वनाउने ।
- गाउँपालिकाले आफ्नो क्षेत्र भित्र पर्ने उपभोक्ता समिति, टोल विकास संस्था ,सामुदायमा आधारित संस्था जस्ता सेवा प्रदायकहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन र व्यवस्थापन गर्न गर्ने ।
- गाउँपालिकाको आन्तरिक स्रोतले सम्भव नहुने क्षमता विकास योजनाको प्रभावकारि कार्यान्वयनको लागि सवन्धित पक्ष संग समन्वय तथा सहकार्य गर्ने ।
- क्षमता विकास योजना कार्यान्वयनको प्रगति प्रतिवेदन नियमित र तोकिएको समयमा सम्वन्धित निकायमा पठाउने
- आवश्यक भौतिक सुविधा तथा सूचना प्रविधिमा जोड दिने ।
- कर्मचारीको कार्य शैलीमा सुधार तथा अन्तर सम्बन्धलाई सुदृढ गरि कार्ययोजना सहित कर्मचारीलाई योजना कार्यान्वयनको जिम्मेवारी दिने ।
- क्षमता विकास योजना कार्यान्वय गर्न  गाउँपालिका  स्थित सरोकारवाला संस्था, नीजी क्षेत्र र अन्य निकायहरुसँगको समन्वय एवं साझेदारीलाई वढाइनेछ ।

# परिच्छेद – ४ गाउँपालिकाको क्षमता विकास योजना

## ४.१. क्षमता विकास योजनाको समष्टिगत सोच, लक्ष्य, उदेश्य र रणनीतिहरु

**सोचः**

यस योजनाको मुल सोच संस्थागत विकास तथा मानवीय संशाधन विकासमा जोड दिई गाउँपालिका मार्फत हुने सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउन सहयोग पुर्याउनु हो ।

**लक्ष्यः**

क्षमता विकास योजनाको लक्ष्य नै गाउँपालिका र यिनका सहयोगी निकायहरुको संस्थागत तथा मानव संशाधन क्षमता विकास अभिवृद्धि गरेर गाउँपालिका स्तरबाट प्रदान गरिने सार्वजनीक सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय र पारदर्शी बनाउनु हो ।

**उदेश्यः**

- स्थानीय जनप्रतिनीधिहरुको बहुपक्षिय नेतृत्व र क्षमता विकास गर्ने ।
- कर्मचारी तथा संस्थागत संगठन व्यवस्थापन नतिजामुखी बनाउने ।
- सुचना व्यवस्थापनमा प्रभावकारी संयन्त्रको विकास गर्ने ।
- वित्तिय व्यवस्थापन प्रणालीलाई पारदर्शी तुल्याउने ।
- विकास व्यवस्थापनलाई चुस्त र प्रभावकारी बनाउने ।
- सुशासन कायम गर्ने ।
- सम्पुर्ण विकास साझेदार तथा सरोकारवाला सँग आपशी समन्वय र सहकार्य गर्ने ।
- विधि तथा कानुनी शासनको सर्वोच्चता कायम गर्ने ।
- विकासमा नयाँ अवधारणा, नीति तथा प्रविधिको अवलम्बन गर्ने ।

**समष्टिगत मुल रणनीतिहरुः**

- जनप्रतिनीधि र कर्मचारीहरुको वृति विकास तथा कार्यक्षमता विकास गर्न नियमित तालिम, अभिमुखिकरण साथै नतिजामा आधारित कार्यसम्पादन मुल्याङ्कन प्रणाली विकास गर्ने ।
- योजनावद्ध विकास अवधारणालाई मुर्त रुप प्रदान गर्ने ।
- मानव संसाधन, विकासलाई उच्च प्राथमिकता दिदैँ स्वचालित संस्थागत संयन्त्रको विकास गर्ने ।
- मितव्ययिता, उच्चतम उपयोग र पार्दशिता कायम गरी वित्तिय प्रणालीलाई दुरुस्त तुल्याउने ।
- तथ्याङ्क व्यवस्थापन तथा अभिलेख प्रणालीलाई सुचना प्रविधि मैत्री तथा पहुँच योग्य तुल्याउने ।

- असल शासनका अभ्यासहरुको अवलम्बन गर्ने ।
- विकास साझेदारहरु सँग हातेमालो गर्न साझेदारी मैत्री नीति अवलम्बन गर्ने ।
- नियम, कानुन तथा विधि र प्रक्रियाहरुको कार्यान्वयन सुनिश्चित गर्ने ।
- नयाँ अवधारणा, सोच, प्रविधि ज्ञान र सीपलाई अनुसरण गर्न अनुसन्धान प्रयोग र अध्ययनलाई प्राथमिकता प्रदान गर्ने ।

## ४.२. गाउँपालिकाको संस्थागत क्षमता विकास योजना

सम्बन्धित दस्ताबेजहरुको अध्ययन, स्थलगत अध्ययन, छलफल, अन्तरकृया, टेलिफोन, इमेल आदिको माध्यमबाट प्राप्त भएसम्मका तथ्यांक एवं सूचनाहरुका आधारमा बागमती गाउँपालिका को क्षमता विश्लेषण गर्दा देखिएको अन्तराल पुरा गर्ने सिफारिसहरु, आगामी तीन वर्षका लागि अनुमानित लागत, क्रियाकलापहरुको प्राथमिकीकरण समेत गरिएको क्षमता विकास कार्ययोजना देहाय बमोजिम छात्यस गाउँपालिका मा विभिन्न पक्षमा आगामी तीन बर्षमा क्षमता विकास योजना सम्बन्धी उद्देश्य हासिल गर्न संचालन गरिने विभिन्न क्रियाकलापका लागि आर्थिक बर्षगत रुपमा आवश्यक पर्ने अनुमानित रकम निम्न अनुसार संक्षेपमा प्रस्तुत गरिएको छ।

बागमती गाउँपालिका को क्षमता विकास योजनाको कार्यान्वयन तालिका(२०८३/०८४-२०८५/०८६)

| क्र.स. | पदाधिकारीगत क्रियाकलाप | लक्षित शाखा/ उपशाखा | प्रस्तावित बजेट | योजनाको अवधि (३ वर्ष) | | | कार्यान्वयन प्राथमिकता |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| 1 | पूँजिगत बजेट तर्जुमा र प्रगति समीक्षा सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम | आर्थिक प्रशासन शाखा | 190,000 | 50,000 | 65000 | 75000 | द्बितिय |
| 2 | निर्वाचित जनप्रतिनिधिको लागि विभिन्न ऐन, कानुन, नियम, कार्यविधि आदि तर्जुमा सम्बन्धि प्रशिक्षण | योजना/कानुन तथा वैठक व्यवस्थापन शाखा | 190,000 | 50,000 | 65000 | 75000 | प्रथम |
| 3 | बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शनको तयारी | योजना/आर्थिक प्रशासन शाखा | 190,000 | 50,000 | 65000 | 75000 | द्बितिय |
| 4 | आवधिक योजना र मध्यमकालिन खर्च संरचना सम्बन्धी प्रशिक्षण | योजना/आर्थिक प्रशासन शाखा | 190,000 | 50,000 | 65000 | 75000 | प्रथम |

| क्र.स. | पदाधिकारीगत क्रियाकलाप | लक्षित शाखा÷ उपशाखा | प्रस्तावित बजेट | योजनाको अवधि (३ वर्ष) | | | कार्यान्वयन प्राथमिकता |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| 5 | दिगो विकासका लक्ष्यहरु स्थानीयकरण सम्बन्धी नीति, कार्ययोजना र प्रतिवेदन सम्बन्धी प्रशिक्षण | योजना शाखा | 190,000 | 50,000 | 65000 | 75000 | प्रथम |
| 6 | सभा संचालन सम्बन्धी कार्यविधिको तर्जुमा/अध्यावधिक | प्रशासन शाखा | 30,000 | 0 | 30000 | 0 | प्रथम |
| 7 | कानुन निर्माण सम्बन्धी प्रशिक्षण | कानून , न्यायिक समितिको सचिवालय | 30,000 | 10000 | 10000 | 10000 | द्वितिय |
| 8 | रोजगारीबाट फर्किएकाको ज्ञान, सीप र उद्यमशिलता को उपयोग सम्बन्धी कार्यविधि | उद्यम शाखा | 190,000 | 50,000 | 65000 | 75000 | द्वितिय |
| 9 | सुशासन, नेतृत्व विकास, नयाँ सार्वजनिक व्यबस्थापन लगायतका नविनतम् आयाम सम्बन्धी प्रशिक्षण | प्रशासन शाखा | 90,000 | 30000 | 30000 | 30000 | तृतीय |
| 10 | संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय तथा निर्णय प्रकृया सम्बन्धी कार्यविधि | प्रशासन शाखा | 50,000 | 0 | 50,000 | 0 | तृतीय |
| 11 | उपभोक्ता समितिको गठन प्रक्रिया र सार्वजनिक खरिद सम्बन्धी अभिमुखीकरण कार्यक्रम | पूर्वाधार शाखा | 15,000 | 15000 | 0 | 0 | प्रथम |
| 12 | सर्भे सम्बन्धी प्रशिक्षण कार्यक्रम | प्रशासन शाखा | 50,000 | 0 | 50,000 | 0 | द्वितिय |
| 13 | संयोजनको अवधारणा र संयोजकको भूमिका सम्बन्धमा सीपमुलक तालीम | प्रशासन शाखा | 50,000 | 0 | 50,000 | 0 | तृतीय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 14 | निर्णय प्रकृया सम्बन्धी तालिम | प्रशासन शाखा | 50,000 | 0 | 50,000 | 0 | तृतीय |
| 15 | पदाधिकारीको आचार संहिता तर्जूमा | प्रशासन शाखा | 50,000 | 50,000 | 0 | 0 | प्रथम |

| **क्र.स.** | **पदाधिकारीगत क्रियाकलाप** | **लक्षित शाखा/ उपशाखा** | **प्रस्तावित बजेट** | **योजनाको अवधि (३ वर्ष)** | | | **कार्यान्वयन प्राथमिकता** |
|---|---|---|---|---|---|---|---|
| | | | | **२०८३/०८४** | **२०८४/०८५** | **२०८५/०८६** | |
| 16 | विकास आयोजनाको अनुगमन तथा मुल्यांकनका विषयक सीपमलूक क्षमता विकास कार्यक्रम | योजना शाखा | 110,000 | 0 | 50,000 | 60,000 | द्वितिय |
| 17 | सेवा प्रवाह सम्बन्धी निर्णयहरु बडापत्र बमोजिम कार्यान्वयन गर्ने सशक्तिकरण कार्यक्रम | प्रशासन शाखा | 100,000 | 0 | 50,000 | 50,000 | तृतीय |
| 18 | लेखापरीक्षण तथा बेरुजु फछ्र्यौट सम्बन्धी उत्प्रेरणात्मक प्रशिक्षण | आर्थिक प्रशासन शाखा | 100,000 | 0 | 50,000 | 50,000 | द्वितिय |
| 19 | सूचना प्रविधिमा आधारित सेवा प्रवाह सम्बन्धी अभिमुखीकरण कार्यक्रम | सूचना प्रविधि शाखा | 150,000 | 50,000 | 50,000 | 50,000 | तृतीय |
| 20 | आन्तरिक लेखापरीक्षणको योजना, परीक्षण सूचि र प्रतिवेदन सम्बन्धी कार्यशाला | आर्थिक प्रशासन शाखा | 100,000 | 0 | 50,000 | 50,000 | द्वितिय |
| 21 | सार्वजनिक खरिद प्रक्रिया र करार व्यवस्थापन सम्बन्धी प्रशिक्षण | आर्थिक प्रशासन शाखा | 100,000 | 0 | 50,000 | 50,000 | द्वितिय |
| 22 | जिन्सी तथा सम्पत्ति व्यबस्थापन सम्बन्धी सीप विकास प्रशिक्षण | जिन्सी शाखा | 50,000 | 0 | 50,000 | | द्वितिय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 23 | घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी नीति तथा ऐनको तर्जुमा | महिला बालबालिका शाखा | 10,000 | 10000 | 0 | 0 | प्रथम |
| 24 | विपद् व्यवस्थापन कोषको संचालन प्रणालीको तर्जुमा | विपद व्यवस्थापन | 150,000 | 50,000 | 50,000 | 50,000 | प्रथम |
| **क्र.स.** | **पदाधिकारीगत क्रियाकलाप** | **लक्षित शाखा÷ उपशाखा** | **प्रस्तावित बजेट** | **योजनाको अवधि (३ वर्ष)** | | | **कार्यान्वयन प्राथमिकता** |
| | | | | **२०८३/०८४** | **२०८४/०८५** | **२०८५/०८६** | |
| 25 | आन्तरिक आयको तुलनात्मक रुपमा आय वृद्धि सम्बन्धी सामूहिक छलफल(Focal group discussion) कार्यक्रम | राजश्व शाखा | 150,000 | 50,000 | 50,000 | 50,000 | द्वितिय |
| 26 | राजस्व परामर्श समितिलाई विशेषज्ञ सेवा प्रदान गर्न विज्ञहरुको रोष्टर तयार सम्बन्धी अभ्यास | राजश्व शाखा | 150,000 | 50,000 | 50,000 | 50,000 | द्वितिय |
| 27 | सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षणका ढाँचा निर्धारण बारे गोष्ठी | आर्थिक प्रशासन शाखा | 150,000 | 50,000 | 50,000 | 50,000 | प्रथम |
| 28 | सार्वजनिक खरिद सम्बन्धी प्रारम्भिक क्षमता अभिवृद्धि कार्यक्रम | पूर्वाधार विकास शाखा | 150,000 | 50,000 | 50,000 | 50,000 | द्वितिय |
| 29 | गैसस क्रियाकलापलाई पालिकाको वार्षिक कार्यक्रममा समावेश गर्न पुनर्ताजगी कार्यक्रम | योजना शाखा | 50,000 | 0 | 50,000 | 0 | द्वितिय |
| 30 | बेरोजगार, श्रमिक आदिको तथ्यांक संकलनका साथै रोजगार सूचना केन्द्रको संचालन | रोजगार सेवा केन्द्र | 60,000 | 0 | 10000 | 50,000 | प्रथम |
| 31 | सरसफाई र गुणस्तरीय कार्य सम्बन्धी जन चेतानमूलक उत्प्रेरणात्मक कार्यक्रम | WASH | 160,000 | 40000 | 50000 | 70000 | प्रथम |

| क्र.स. | पदाधिकारीगत क्रियाकलाप | लक्षित शाखा÷ सहयोगी | प्रस्तावित बजेट | योजनाको अवधि (३ वर्ष) | | | कार्यान्वयन प्राथमिकता |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| 32 | सामाजिक कुरिती, कुप्रथा, अन्धविश्वास आदि विरुद्ध जनचेतना सम्बन्धी अभिमुखीकरण | महिला बालबालिका शाखा | 90,000 | 0 | 90000 | 0 | द्वितिय |
| 33 | सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमको तर्जुमा | महिला बालबालिका शाखा | 50,000 | 0 | 50,000 | 0 | द्वितिय |
| 34 | प्रांगारिक खेती तथा मल बनाउने सीपमुलक तालिम | कृषि तथा पशु विकास शाखा | 150,000 | 50000 | 50000 | 50000 | प्रथम |
| 35 | अनुदान परिचालन सम्बन्धी कार्यविधिको तयारी | गा.पा. | 50,000 | 0 | 50,000 | 0 | द्वितिय |
| 36 | गैरसरकारी संस्थासँग साझेदारी तथा सहकार्य सम्बन्धी कार्यविधि | गा.पा. | 20,000 | 0 | 20,000 | 0 | द्वितिय |
| 37 | लैंगिक उत्तरदायी बजेट परीक्षण (जेसी अडिट) गर्ने योजना, प्रकृया, विधि र प्रतिवेदन सम्बन्धी प्रशिक्षण कार्यक्रम | महिला बालविकास शाखा | 150,000 | 50,000 | 50,000 | 50,000 | द्वितिय |
| 38 | अतिरिक्त शैक्षिक क्रियाकलापको संचालन | शिक्षा शाखा | 1,760,000 | 60000 | 800000 | 900000 | प्रथम |
| 39 | सूचना प्रविधि सम्बन्धी सीप बिकास प्रशिक्षण | सूचना प्रविधि शाखा | 150,000 | 50,000 | 50,000 | 50,000 | द्वितिय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 40 | स्थानीय अभिलेखको लागि नीति र मापदण्डको तर्जुमा | पंजीकरण | 100,000 | 0 | 50,000 | 50,000 | द्वितिय |
| **क्र.स.** | **पदाधिकारीगत क्रियाकलाप** | **लक्षित शाखा/ उपशाखा** | **प्रस्तावित बजेट** | **योजनाको अवधि (३ वर्ष)** | | | **कार्यान्वयन प्राथमिकता** |
| | | | | **२०८३/०८४** | **२०८४/०८५** | **२०८५/०८६** | |
| 41 | त्रैमासिक मासिक प्रतिवेदन तयारी तथा सार्वजनिकीकरण सम्बन्धी सहजीकरण कार्यक्रम | योजना शाखा | 50,000 | 0 | 50,000 | 0 | प्रथम |
| 42 | कृत्रिम गर्भाधान सम्बन्धी कार्यक्रम | कृषि तथा पशु विकास शाखा | 135,000 | 35000 | 50,000 | 50,000 | द्वितिय |
| 43 | पशु पालनसम्बन्धी बैज्ञानिक विधिबारे पुनर्ताजगी कार्यक्रम | कृषि तथा पशु विकास शाखा | 270,000 | 200000 | 35000 | 35000 | द्वितिय |
| 44 | जेष्ठ नागरिक अनाथ, असहाय लगायतको लागि आश्रय केन्द्रको स्थापना तथा सञ्चालन | महिला बालबालिका शाखा | 300,000 | 100000 | 100000 | 100000 | प्रथम |
| | | **जम्मा** | 6,570,000 | 1,300,000 | 2815000 | 2455000 | |

उपरोक्त कार्ययोजना कार्यान्वयन गर्दा अनुमानित प्रस्तवित बजेट रु. ६५,७०,००० रुपैयाँ लाग्ने देखिन्छ।कार्यक्रम संचालनका लागि  गाउँपालिका को आन्तरिक स्रोतले मात्र पुग्न जाने देखिदैन।तसर्थ, नेपाल सरकार, प्रदेश सरकार लगायत विकास साझेदारहरुको स्रोत, साधन र जनशक्ति समेत प्रयोग गरी प्रथम प्राथमिकता रहेका क्रियाकलापहरुलाई २०८२ प्रथम चौमासिक देखि नै कार्यान्वयनमा ल्याउन पालिकाले विशेष प्रयास र पहल गर्नु पर्ने छ ।

## परिच्छेद – ५ निचोड अनुगमन तथा मुल्याङ्कन व्यवस्था

### ५.१ निचोड

गाउँपालिकाको हालसम्म क्षमता विकास योजना बनिनसकेको तसर्थ, यो प्रस्तावित क्षमता विकास योजनाले समग्र पालिकाको विकासका लागि पहिलो योजना भएको छ । गाउँपालिका को पञ्चवर्षिय योजना, यातायात गुरुयोजना, राजस्व सुदृढीकरण कार्ययोजना, फोहोरमैला व्यवस्थापन नीति, बस्ती विकास नीति, पञ्जिकरण व्यवस्थापन, आप्रवासन नीति लगायतका थुप्रै नीति तथा कार्यक्रमहरु तयार गर्नुपर्ने भएकोले यो क्षमता विकास योजना तत्काल तर्जुमा गर्नु परेको हो।

### ५.२ अनुगमन

योजना निरन्तर रुपमा संचालन भईरहेको सन्दर्भमा अनुगमन, मुल्यांकन तथा सिकाईको व्यवस्थापन भए नभएको र कुनै नयाँ काम आई पर्दा सो सम्पादनको क्षमता वृद्धिका लागि  गाउँपालिकाका  नगर प्रमुखको संयोजकत्वमा उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृत भएको निर्देशक समिति बनाई सो समितिको निर्णय अनुसार कार्य संचालन गर्नु उपयुक्त देखिन्छ।क्षमता विकास योजनाको क्रियाकलापगत कार्ययोजना ३६ महिनाको प्रस्ताव गरिएको छ।बजेटमा समावेश भएपछि ती क्रियाकलापहरुको प्रत्येक चौमासिक अवधिमा अनुगमन तथा मुल्यांकन गर्ने गर्नु पर्दछ।यसका लागि गाउँपालिका को कार्यपालिकाका प्रवक्ता (पालिकाद्वारा तोकिएको कुनै वडाध्यक्ष) को संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत, योजना, कर्मचारी प्रशासन शाखाका प्रमुखहरु र लेखा शाखा प्रमुखहरु रहेको स्थायी प्रकृतिको संरचना निर्माण गर्नु पर्दछ । यो संरचनालाई क्षमता विकास कार्यान्वयन कार्यतालिकाको अनुगमन मुल्यांकन गर्ने मात्र नभई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा जारी गरिएको स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ ले माग गरेका आवधिक विवरणहरु तयार गर्ने, संकलन गर्ने, वेभसाइडमा अपलोड गर्ने तथा पालिकाको क्षमताको स्वमुल्यांकन गरी अधिकतम अंक हासिल गर्ने समेत जिम्मेवारी सुम्पन सकिन्छ।गाउँपालिका को क्षमता विकास योजनाको कार्यान्वयन सँगै यसको अनुगमन तथा मुल्यांकन गर्ने पक्ष पनि महत्वपूर्ण रहेको छ।यो परिच्छेदमा यस योजनाको कार्यान्वयन अनुगमन तथा मुल्यांकन व्यवस्था बारे उल्लेख गरिएको छ ।

अनुगमन तथा मुल्यांकनको उद्देश्य देहायबमोजिम रहेको छः

- क्षमता विकास योजनाको कार्यान्वयनका सवल र कमजोर पक्षको आवधिक लेखाजोखा गरी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउने ।
- पालिकाको समग्र सेवाप्रवाहलाई सवल बनाउन आवश्यक सहयोग पुर्याउने ।
- गाउँ सभाद्वारा पास गरिएको वार्षिक विकास कार्यक्रमलाई संचालन गर्न आवश्यक पृष्ठपोषण गर्ने।

### ५.३ अनुगमन तथा मुल्याङ्कन

क्षमता विकास योजनाको कार्यान्वयनको अनुगमन तथा मुल्यांकन गर्नु पर्दछ।यसका लागि गाउँपालिका अन्तर्गतको अनुगमन तथा मुल्यांकन गर्ने संयन्त्र देहाय बमोजिम हुनेछः

| **क्र.सं.** | **संयन्त्र** | **कामकर्तव्य ,** |
|---|---|---|
| १. | **गाउँपालिका** | • क्षमता विकास योजना लागु गर्ने<br>• वार्षिक विकास कार्यक्रमको चौमासिक प्रगति प्रतिवेदन तयार गर्दा क्षमता विकास योजना समेतकोअनुगमन र मुल्यांकन गर्ने। |
| २. | प्रशासन तथा योजना शाखा | • प्रत्येक चौमासिक अवधि समाप्त भएको १५ दिन भित्र क्षमता विकास योजनाले अंगिकार गरेको क्रियाकलापहरुको कार्यान्वयन स्थित (सुरु भएको, संचालनमा रहेको, आधा सकिएको र सुरु नै हुन नसकेको) बारे प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने र निज मार्फत कार्यपालिका बैठकमा प्रस्तुत गर्ने।<br>• कार्यपालिकाले उक्त प्रतिवेदन उपर आवश्यक निर्णय गरी कार्यान्वयनमा लैजाने। |
| ३. | राजस्व परामर्श समिति योजना / तर्जुमा समिति | • क्षमता विकास योजना अनुरुप विभिन्न शाखाहरुबाट सम्पादन गरिने कामको आवधि मुल्यांकन गर्ने र खास गरी राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गर्ने।<br>• राजस्वका दर, क्षेत्र लगायतका आधारमा राजस्व आयको विश्लेषण गरी क्षमता विकास योजनाका क्रियाकलापहरु परिमार्जन तथा संशोधन गर्ने। |

दृष्टव्यः क्षमता विकासको लागि राजस्व वृद्धि पनि दर्बिलो सुचक भएकोले क्षमता विकास योजनासँगै राजस्व सुधार कार्ययोजना पनि तयार गर्नु राम्रो हुनेछ ।क्षमता विकास योजनाको कार्यान्वयनको मुल्यांकन तथा अनुगमन कार्यलाई व्यवस्थित बनाउन अनुगमन तथा मुल्यांकन योजना आवश्यक पर्दछ ।त्यसैले, देहाय बमोजिमको अनुगमन तथा मुल्यांकन योजना तयार गरिएको छः

| के गर्ने (कार्य विवरण) | कहिले गर्ने (समय) | कसले गर्ने जिम्मेवार शाखा/समिति /व्यक्ति | कसरि गर्ने(प्रकृया) |
|---|---|---|---|
| ज्ञान, सीप र अवधारणामा सकारात्मक परिवर्तन मापन गर्न सूचना संकलन गर्ने | निरन्तर | योजना शाखा र प्रशासन शाखा | सरोकारवाला, पालिकाको आर्थिक प्रशासन शाखा र वडा कार्यालयहरुसँग समन्वय गरेर |
| सेवा प्रवाह सम्बन्धी समस्या सम्बन्धी गुनासो व्यवस्थापन | निरन्तर | योजना शाखा, प्रशासन शाखा, प्राविधिक शाखा | सम्बन्धित पक्षसँग छलफल र समन्वय गरेर |
| क्षमता विकास योजनाको कार्यान्वयन सम्बन्धि प्रगति प्रतिवेदन तयार गर्ने | चौमासिक र बार्षिक | योजना शाखा र प्रशासन शाखा | • विनियोजन, प्रशासन, राजस्व शाखाको प्रतिवेदन उपर कार्यपालिकाको बैठकमा छलफल गरेर<br>• क्षमता विकास योजनाको कार्यान्वयन हुन बाँकी क्रियाकलापहरुको सान्दर्भिकता अध्ययन गरी आवश्यक क्रियाकलापहरु पुरा गर्न आगामी आर्थिक वर्षको वार्षिक विकास कार्यक्रममा राख्ने निर्णय गरेर |

## परिच्छेद – ६ बागमती  गाउँपालिकाका सबल र कमजोर पक्षको विश्लेषण

पालिकाको यो क्षमता विकास कार्ययोजना सफल र उदाहरणीय बन्न सकोस् भन्ने अभिप्रायले पालिकाका निर्वाचित पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारवालाहरुसंग छलफल गरी जुटन सक्ने श्रोतको अनुमान तथ्यपरक रुपमा प्रस्तुत गरिएकोले यसको अपनत्व वृद्धि हुन गई सफलताको विश्वास लिन सकिने अपेक्षा राखिएको छ।साथै स्थलगत भ्रमण र अन्तरक्रियाको क्रममा अबलोकन, सोधनी, छलफल, प्रश्नावली, प्रतिक्रियाको आधारमा निम्न अनुसार SWOT विश्लेषण गरिएको छ

बागमती  गाउँपालिका को सवल र कमजोर पक्षको बिश्लेषण

**(क) सवल पक्ष**

१. संघबाट तयार भएका निर्देशिकाहरु बागमती  गाउँपालिकाले आफुले कार्यान्वयनमा ल्याउनुलाई सबल पक्षलाई मान्न सकिन्छ,
२. महिला बिरुद्ध हुने हिंसामा कमी आएको।
३. लैङ्गिक उत्तरदायी बजेटको परीक्षणको ब्यबस्था भएको ।
४. बिभिन्न समितिको गठन गरी नियमित रुपमा बैठक बस्नु पर्ने ब्यबस्था भएको ।
५. आय–व्ययको विवरण कानुनी ब्यबस्था बमोजिम सार्वजनिक भएको ।
६. सेवा प्रबाहको कार्यदक्षता र प्रभावकारिता बारे अध्ययन गर्ने व्यवस्था हुनु ।
७. सामाजिक सुरक्षा भत्ताको बितरण बैंकिङ्ग प्रणाली मार्फत हुनु ।
८. तुलनात्मक लाभ भएको कृषि योग्य जमिनको प्रचुरता ।
९. वन, जंगल लगायत प्राकृतिक स्रोतको प्रचुरता ।
१०.राजस्व सुधार कार्ययोजनामा सम्पत्ति कर संकलन र व्यवस्थापन सम्बन्धी अध्ययन संकलन गरी मन्त्रालयबाट अन्तिम प्रतिवेदन तयार भई पालिकामा आउने
११.गाउँपालिकाको आफ्नै प्रशासकीय भवन भएको ।
१२.सबै वडा कार्यालयहरुको आफ्नै प्रशासनिक भवन भएको ।
१३.नियमित रुपमा सार्वजनिक सुनुवाइ र सार्वजनीक परिक्षण हुने गरेको ।
१४.गाउँपालिकाको आवधिक विकास योजना तयार भइ कार्यान्वयनको चरणमा रहेको ।
१५.स्थानीय सडक सन्जालले सबै वडाहरुलाई छोएको तथा सडकहरु स्तरोन्नतीको अवस्थामा रहेका।
१६.प्रादेशिक  अस्पताल संचालनमा आएको ।
१७.स्थानीय तह संस्थागत मुल्याङ्कनमा पालिकाको अवस्था सुध्रिदै गइरहेको छ ।

**(ख) कमजोर पक्ष**

- कुनै पनि विषयको छात्रवृत्तिमा यस पालिकाबाट नेपालका कुनै पनि विश्वविद्यालयमा पढ्न नपठाउनु ।
- लागत न्युनिकरण गरी प्रभावकारी सेवा प्रवाह हुन नसकेको ।

- गाउँपालिकामा हालसम्म उचित स्वास्थ्य सेवा प्रदान गर्ने संस्था नहुनु ।
- आवधिक प्रतिवेदन र बित्तीय विवरणको प्रेषण हुन नसकेको ।
- अधिकांश कर्मचारीहरुमा सूचना प्रबिधि संम्बन्धी ज्ञान, सीप र अभ्यासमा कमी हुनु ।
- स्थानीय उत्पादनको प्रबद्र्घन र बजारीकरणको ब्यवस्था नहुनु ।
- पालिका भित्र गरिनु पर्ने धेरै खोलानालाहरुको नगरेको ।
- दरबन्दी अनुसारको जनशक्ति पूर्ति नहुनु ।
- आन्तरिक स्रोतको परिचालन हुन नसक्नु ।
- आवधिक योजना अनुसरा बजेट तथा कार्यक्रम कार्यान्वयन हुन नसकेकोले बार्षिक योजनाको लागि आधार नहुनु ।
- मध्यमकालीन खर्च संरचना तयार नहुनु ।
- विभिन्न समितीको बैठक बस्ने संम्बन्धी कार्यबिधि नभएको ।
- राजस्व सुधार कार्ययोजना सम्बन्धी दिग्दर्शन, २०७६ अनुरुपको राजस्व सुधार कार्ययोजना तयार नभएको ।
- स्थानीय तहको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६ अनुरुपका कार्यक्रमहरु संचालन नभएको ।
- गाउँपालिका को संस्थागत प्रबन्धन, सेवा प्रवाह र वार्षिक विकास कार्यक्रम कार्यान्वयनको अनुगमन सम्बन्धी सफ्टवेयर तयार नभएको ।
- जिल्ला समन्वय समितिले गर्नुपर्ने अनुगमन तथा मुल्यांकनका प्रतिवेदनहरु पालिकाले प्राप्त गरी सो उपर आफ्नो प्रतिक्रिया नदिएको ।
- राष्ट्रिय सामाजिक समावेशीकरण नीति, २०७७ लाई आन्तरिकीकरण नगरेको ।
- दिगो विकासका लक्ष्य स्थानीयकरण तथा आन्तरिकीकरण सम्बन्धि योजना तर्जुमा नभएको ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण नभएको ।
- आन्तरिक नियन्त्रण प्रणाली तथा कार्यवीधि तर्जुमा तथा कार्यान्वयन नभएको ।
- सडक गुरुयोजना तर्जुमा नभएको ।

**(ग) अवसर**

बागमती  गाउँपालिका नगर कार्यपालिकाको कार्यालयले क्षमता विकास योजनामा तयार पार्नका लागि आवश्यक निर्णय हुनु एउटा अवसरको रुपमा पाइएको छः

१. क्षमता बिकास तर्जुमाको लागि छनौट हुनु

२.राजस्वको दायरा फराकिलो हुदै जानु ।

३.अन्तरसरकारी समन्वय र सहजीकरणको ब्यबस्था भएको ।

४.सबै भुक्तानीहरु इ–पेमेन्ट माफर्त हुनु ।

५.वडा–वडामा घुम्ती सेवा संचालन गरिने ।

६.उपभोक्ता समितिको गठन र सम्झौताको लागि शिविर खडा गर्न सकिने ।

७.यातायात गुरु योजना तर्जुमा गर्ने व्यबस्था भएको ।

८.कृषिमा व्यवसायीकरण गरी ‘एक वडा, एक उत्पादनको अवधारणा लागु गरी जनताको आयस्तर बढाउन सकिने,

९. पर्यटन क्षेत्रमा हस्पिटालिटी र गाइडको तालिमको व्यवस्था आदिको सम्भावना रहेको छ

१०. उच्च शिक्षा प्रदान गर्ने संस्थाको स्थापनाका लागि पहल गर्नुपर्ने ।

**(घ) चुनौती**

१.प्रत्येक तीन बर्षमा कम्तीमा १ हप्ताको तालिम लिनुपर्ने भएतापनि क्षमता बिकास प्रशिक्षणमा सहभागी हुन नपाएका

२.जनशक्तीको क्षमता बिकासमा चालु खर्चको १.५% भन्दा पनि कम खर्च भएको ।

३.शाखा प्रमुख संग कार्यसम्पादन सम्झौता नभएको ।

४.गैरसरकारी संस्थासंगको नगद लागत साझेदारी कार्यक्रममा ५% सम्म पुग्न नसक्नु ।

५.पर्यटकीय गन्तव्यको तुलनात्मक लाभ लिन पर्याप्त व्यबस्था हुन नसक्नु,

६.सार्वजनिक खरिद संम्बन्धी ऐन नियमको जानकारी हुन नसक्नु ।

७.वाताबरण मैत्री पुर्वाधारको निर्माण हुन नसक्नु ।

८.परम्परागत आधारमा खेती गर्ने हुँदा कृषिमा आधुनिकीकरण भई नसक्नु,

९.राजस्व संकलन कार्य अनुमानको २५% भन्दा कम हुनु ।

१०.हरेक बर्ष बेरुजुको रकम बढदै जानु ।

११.दिगो विकासका अन्तराष्ट्रिय लक्ष्यलाई स्थानीयकरण गर्न कठिनाइ हुनु ।

१२.गैर–सरकारी संस्थाका कार्यक्रमलाई पालिकाको कार्यक्रममा समन्वय गर्न नसक्नु ।

## सन्दर्भ सामग्री


- बागमती  गाउँपालिका को नीति तथा कार्यक्रम र बजेट २०८२।०८३
- बागमती  गाउँपालिका को नीति तथा कार्यक्रम र बजेट २०८१।८२
- बागमती गाउँपालिका को आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रमको वार्षिक प्रगति समिक्षा
- अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६,
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, काठमाडौं ।
- नेपालको संविधान २०७२
- सोह्रौ योजना, राष्ट्रिय योजना आयोग,
- बजेट वक्तव्य, आ.व. २०८२/८३
- राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय तथ्यांक कार्यालय,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- वार्षिक प्रगति प्रतिवेदन, स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७,
- स्थानीय सरकार संचालन ऐन, २०७४,
- स्थलगत भ्रमण अन्तर क्रियात्मक कार्यक्रमको टिपोट , २०८२